United Nations
Educational, Scientific and
Cultural Organization

Japan
Funds-in-Trust

# समावेशी शिक्षक शिक्षाको प्रवर्धन

## पाठ्यक्रम

३

पैरवी गाइड

# समावेशी शिक्षक शिक्षाको प्रवर्धन

# पाठ्यक्रम

१

इयान कप्लान र इन्ग्रीड लेविस

**प्रकाशक :**

युनेस्को बैंकक
शिक्षाका लागि एसिया तथा प्रशान्त क्षेत्रीय ब्यूरो
ममलुआङ पिन मलाकुल सेन्टेनरी भवन
९२० सुखुम्वित सडक, प्रकानोङ, क्लोङटोई
बैंकक १०११०, थाइलैन्ड

© युनेस्को २०१३

सर्वाधिकार सुरक्षित
ISBN 978-92-9223-437-9 (मुद्रण)
ISBN 978-92-9223-438-6 (इलेक्ट्रोनिक)

यस प्रकाशनका कुनै पनि सामग्रीका प्रस्तुतिहरुमा कुनै देशको कानुनी अवस्था या कानुनसँग सम्बन्धित सवालमा युनेस्कोको आफ्नो मनसाय रहेको छैन । त्यस्तै गरी कुनै देशको, खास सहर वा भौगोलिक क्षेत्रको सीमानासँग सम्बन्धित कुराहरुका बारेमा युनेस्कोले टिप्पणी गर्ने मनसायबाट पनि यी सामग्रीहरुमा कुनै पनि खालको प्रस्तुति गर्न खोजिएको छैन ।

यस पुस्तिकामा उल्लेखित तथ्यहरुको छनोट र प्रस्तुतीकरणका लागि लेखकहरु जिम्मेवार छन् । त्यसै गरी यहाँ अभिव्यक्त भएका विचारहरुका सम्बन्धमा पनि उनीहरु जिम्मेवार छन्, जो युनेस्कोका आधिकारिक धारणा नहुन सक्छन् र ती कुरामा यस संस्थाको वचनबद्धता (commitment) रहँदैन ।

सूचनाको व्यापक प्रचार-प्रसारका लागि युनेस्को बैंकक प्रतिबद्ध छ र त्यस उद्देश्यमा रहेर यो पुस्तिका वा अन्य प्रकाशित सामग्रीहरुको पुनर्मुद्रण, पुनःप्रकाशन वा अनुकूलन (adaptation), अथवा अनुवादका लागि गरिने सोधपूछलाई सदैव स्वागत गरिन्छ । यसबारेमा विस्तृत जानकारी लिन ष्फादनप२गलभकअयायचन मा सम्पर्क राख्न सक्नु हुनेछ ।

प्रतिलिपि सम्पादक (copy-editor) : स्याण्डी ब्यारोन
डिजाइन - ले आउट : वारेन फिल्ड
थाइलैंण्डमा मुद्रित
APL/13/013-500

# भूमिका

समावेशी शिक्षा वास्तवमा सम्पूर्ण सिकारु (विद्यार्थी) हरुको सिकाइमा सहभागिता वृद्धि गरेर उनीहरुका विभिन्न प्रकारका आवश्यकताहरुलाई सम्बोधन गर्दै सिकाउने एउटा प्रक्रिया हो । यसमा उनीहरुका सिकाइ अनुभवहरु र सिकाइ उपलब्धिहरुको सबलीकरण गर्ने प्रक्रिया सँगसँगै चल्दछ र शिक्षामा हुने बहिस्करण (exclusion) लाई यसमा घटाइन्छ । समावेशी शिक्षाका लागि काम गरिरहँदा "सबैका लागि शिक्षा" (Education for All) को साझा दूर दृष्टिबाट निर्देशित भएर शिक्षण सिकाइका विषयवस्तु, अवधारणाहरु (approaches), शैक्षिक प्रक्रिया, संरचना तथा रणनीतिहरुमा महत्वपूर्ण परिवर्तन तथा सुधार गर्नुपर्ने खाँचो पर्दछ । यस प्रक्रियामा शिक्षकहरुले भूमिका खेल्नुपर्ने आवश्यकता अपरिहार्य छ ।

पूर्वसेवाकालीन (pre-service) शिक्षक शिक्षाले भविष्यका शिक्षकहरुलाई आवश्यक पर्ने ज्ञान, क्षमता र मूल्यहरु (values) प्रदान गर्नै पर्दछ, जसबाट उनीहरु आफ्नो कार्यथलोमा समावेशी सिकाइ वातावरणको निर्माण र विकास गर्न सकून् । तथापि हालसालै युनेस्कोको शिक्षाका लागि एसिया-प्रशान्त क्षेत्रीय ब्यूरो (युनेस्को बैंकक) द्वारा नेतृत्व गरिएको एक अध्ययनले निकालेको निष्कर्षअनुसार यस क्षेत्रका देशहरुमा हुने पूर्वसेवाकालीन शिक्षक शिक्षा कार्यक्रमहरुको पुनरावलोकन (review) गरी निकालिएको निष्कर्षअनुसार यस क्षेत्रका धेरै देशहरुमा सञ्चालन हुने पूर्वसेवाकालीन शिक्षक शिक्षाले आफ्ना स्नातकहरुलाई विद्यार्थीका विभिन्नताहरुको प्रभावकारी सम्बोधन गर्नसक्ने बनाउनका लागि धेरै कुराहरु गर्न अझै बाँकी छ ।

यस पृष्ठभूमिमा "समावेशी शिक्षक शिक्षाको प्रवर्धन : पैरवी निर्देशिका" शीर्षकको यो प्रकाशनलाई युनेस्को बैंककले बाहिर ल्याएको छ । यसअन्तर्गत पाँचवटा पुस्तिकाहरु छन् : परिचय, नीति, पाठ्यक्रम, सामग्रीहरु र विधि । शिक्षक शिक्षालाई बढीभन्दा बढी समावेशी बनाउनका लागि पूर्वसेवाकालीन शिक्षक शिक्षामा परिवर्तन र सुधार गर्नतर्फ पैरवी (advocacy) गर्न चाहने जोसुकैलाई पनि सहयोग पुगोस् भन्ने मनसायले यी सामग्रीहरु प्रस्तुत गरिएको छ । यी पुस्तिकाहरु हु-बहु लागु गर्ने निर्देशिका चाहिं होइनन् । बरु यिनले पैरवीकर्ताहरु ९बमखयअबतभक० लाई केही उपायहरु अवस्य सुझाउँछन् – जसलाई आफ्नो विशिष्ट परिस्थिति र आवश्यकताअनुसार समायोजन गरी लागु गर्न सकिन्छ ।

यी सामग्रीहरुको प्रकाशनबाट एसिया-प्रशान्त क्षेत्रको शिक्षक शिक्षालाई सुधार गर्न र सबल तुल्याउन मद्दत पुग्छ भन्ने मैले आशा लिएको छु – जसबाट बढी समावेशी र गुणस्तरीय शिक्षा प्रणालीको विकास गर्न सकियोस् ।

ग्वाङ-जो किम<br>
निर्देशक<br>
युनेस्को बैंकक

# कृतज्ञता

"समावेशी शिक्षक शिक्षाको प्रवर्धन : पैरवी निर्देशिका" को प्रकाशन वास्तवमा एउटा सामुहिक प्रयासको उपज हो । यस प्रयासमा योगदान पु¥याउने सम्पूर्ण व्यक्तिहरुलाई युनेस्को बैंकक धन्यवाद ज्ञापन गर्दछ ।

प्रस्तुत प्रकाशित सेटअन्तर्गतका ५ वटा पैरवी निर्देशिकाहरुका लेखक ईन्याबलिङ एजुकेसन नेटवर्क (EENET) CIC का ईयान कप्लान र ईन्ग्रिड लेविसलाई यस कामका लागि विशेष कृतज्ञता व्यक्त गरिन्छ । ईयान र इन्ग्रिडले EENET CIC का माध्यमबाट मात्र होइन त्यसबाहिरबाट पनि समावेशी शिक्षाको सिद्धान्त र प्रयोगका सम्बन्धमा आफ्नो ज्ञान र विशेषज्ञतालाई बहुतै खुल्ला हृदयले प्रचारमा ल्याउनुभएको छ† र यी पैरवी निर्देशिकाहरु (Advocacy guide) को विकास गर्ने क्रममा हामी उहाँहरुबाट साँच्चिकै लाभान्वित भएका छौं ।

त्यसै गरी बंगलादेश, कम्बोडिया, चीन, लाओ पिडि आर (Lao PDR), मंगोलिया, नेपाल, थाइल्यान्ड र भियतनाम देशका अनुसन्धान टोलीमा रहेका व्यक्तिहरु पनि धन्यवादका पात्र हुनुहुन्छ – जो २००८–२००९ मा सम्पन्न पुर्वसेवाकालीन शिक्षक शिक्षा प्रणालीहरुको गहन समीक्षा र अवस्था विश्लेषण (situation analysis) कार्यमा संलग्न हुनुभयो र २०१०–२०११ मा भएको पुनरावलोकन (follow up review) मा पनि काम गर्नुभयो अनि आ-आफ्नो देशका तर्फबाट प्रतिवेदन (country report) तयार पार्नुभयो । ती प्रतिवेदनहरुका आधारमा नै यी पैरवी निर्देशिकाहरु तयार गरिएको हो । त्यसै गरी २०१२ जुलाइमा बैंककमा सम्पन्न "गुणस्तरीय शिक्षक शिक्षाका माध्यमबाट एसिया-प्रशान्त क्षेत्रमा समावेशी शिक्षा" विषयक युनेस्कोद्वारा आयोजित विज्ञहरुको बैठकका सहभागीहरुप्रति पनि हामी आभारी छौं । उहाँहरुको अमूल्य सल्लाह तथा सुझावबाट यी निर्देशिका पुस्तिकाहरुलाई यस रुपमा ल्याउन महत्वपूर्ण सहयोग प्राप्त भएको छ ।

समावेशी शिक्षाको क्षेत्रमा काम गरेका धेरै विशेषज्ञहरुले आफ्नो महत्वपूर्ण समय दिएर पैरवी निर्देशिका पुस्तिकाहरुमा प्रतिक्रिया तथा राय-सुझाव प्रदान गर्नुभएको छ । यसरी प्राप्त प्रत्येक राय-सुझाव र प्रतिक्रियाहरु यी निर्देशिकाहरुलाई स्तर सम्पन्न बनाउनका लागि सहायक सिद्ध भएका छन् । उहाँहरुले दिनुभएको समय, दक्षता र यस कार्यमा देखाउनुभएको उत्साहका लागि युनेस्को बैंकक हार्दिक आभार व्यक्त गर्दछ । यी व्यक्तिहरु हुनुहुन्छ : विशेष आवश्यकता शिक्षाको विकासका लागि युरोपेली नियोग (European Agency for Development in Special Needs Education) का सेल्डन सेफर, अमन्डा वाट्किन्स् र भेरिटि डोन्ली । त्यसै गरी समर ईन्स्टिच्युट अफ् लिङगविस्टिक्स् (Summer Institute of Linguistics) का क्याथरिन योङ र किर्क पर्सन अनि वल्र्ड अफ ईन्क्लुजन (World of Inclusion) का रिचार्ड राईजर† युनिसेफ न्युयोर्कका स्टेफानेइ होज तथा कोन कयोन विश्वविद्यालयका पेन्नी नरोट पनि धन्यवादका पात्र हुनुहुन्छ ।

यसका अतिरिक्त युनेस्कोमा कार्यरत धेरै साथीहरुको सल्लाह-सुझाव एवम् प्रतिक्रियाका साथै महत्वपूर्ण सहयोगबाट पनि यी पैरवी निर्देशिकाहरुको स्तर वृद्धिमा सहयोग पुगेको छ । शिक्षाको अन्तर्राष्ट्रिय

ब्युरो (International Bureau of Education), युनेस्कोको मुख्यालयमा रहेको आधारभूत शिक्षा शाखा (Section for Basic Eduation) का साथै बेइजिङ, ढाका, हनोइ, काठमाडौं तथा नोम पेन् (Phnom Penh) मा रहेका युनेस्कोका अफिसहरुमा कार्यरत हाम्रा साथीहरुले यसका लागि ठूलो सहयोग गर्नुभएको छ । युनेस्को बैंककमा हाल कार्यरत र विगतमा काम गर्नुभएका साथीहरुको निरन्तर सहयोगबाट यो कार्य सम्पन्न भएको छ – जसबिना यो कार्य सम्भव हुने थिएन । उहाँहरुलाई पनि हामी सधैजस्तै गरी हृदयदेखि नै धन्यवाद टक्र्याउन चाहन्छौं ।

अन्तमा हामी “सबैका लागि शिक्षा तथा दिगो विकासका लागि शिक्षा गुणस्तरीय शिक्षक शिक्षालाई पुनःनिर्देशित गर्ने” (Reorienting Quality Teacher Education Towards Education for All and Education for Sustainable Development) परियोजनाको सञ्चालनका लागि आर्थिक सहयोग जुटाइदिएकामा जापानको शिक्षा, संस्कृति, खेलकूद, विज्ञान तथा प्रविधि मन्त्रालयलाई विशेष धन्यवाद दिन चाहन्छौं ।

एसिया-प्रशान्त क्षेत्रमा समावेशी शिक्षक शिक्षा सुनिश्चित गर्नका लागि यस कार्यले पुऱ्याउने फाइदाको लागि उहाँहरुले गर्नुभएको यो सहयोगको हामी विनम्रतापूर्वक खुल्ला दिलले सराहना गर्छौं ।

# विषय-सूची

**परिचय**......**१**
पाठ्यक्रम भन्नाले के बुझिन्छ ? ......१
किन पूर्वसेवाकालीन शिक्षक शिक्षा पाठ्यक्रम महत्त्वपूर्ण पैरवी मुद्दाका भएको छ ?......१

**चुनौती-१ : समावेशी शिक्षालाई पूर्वसेवाकालीन शिक्षक शिक्षा पाठ्यक्रमको अभिन्न अङ्गका रूपमा विकास गर्नु ।** ...... **३**
अवस्थाको विश्लेषण......३
पैरवी उद्देश्यहरू ......५

**चुनौती-२ : विशेष आवश्यकता शिक्षाबाट समावेशी शिक्षाको बृहत् दर्शनतर्फ लक्कनु ।** ......७
अवस्थाको विश्लेषण......७
पैरवी उद्देश्यहरू ......९

**चुनौती-३ :सद्धान्त र अभ्यासबिच उचित सन्तुलन कायम गर्नु ।** ...... **११**
अवस्थाको अध्ययन...... ११
पैरवी उद्देश्यहरू ...... १३

**चुनौती-४ :पाठ्यक्रम विकास र कार्यान्वयनमा क्षमता र दक्षताको विकास गर्नु ।**...... **१७**
अवस्थाको अध्ययन......१७
पैरवी उद्देश्यहरू ...... १८

**चुनौती-५ : पुर्वाग्रह, असमानता, विभेदीकरणका अभ्यास र रुढिवादी धारणालाई चुनौती दिनु ।** ...... **२१**
अवस्थाको अध्ययन ......२१
पैरवी उद्देश्यहरू......२२

**पैरवीले सकारात्मक प्रभाव पारको कुरा कसरी भन्ने ?** ...... २३

**अनुसूची**......२४

# परिचय

'पाठ्यक्रम'का बारेमा तयार गरिएको यो पैरवी निर्देशिका विभिन्न ५ वटा शृङखलाबद्ध निर्देशिकामध्ये एक हो जुन समावेशी शिक्षक शिक्षाको प्रवधनमा समर्पित छ । यसलाई एकल रूपमा वा अन्य चार पैरवी निर्देशिकाहरू : परिचय, नीति, सामग्री र विधिसँग संयुक्त वा एकीकृत रूपमा प्रयोग गर्न सकिन्छ ।

यस निर्देशिकाले पूर्वसेवाकालीन शिक्षक शिक्षा पाठ्यक्रममा रहेका बाधा र चुनौतीहरूलाई जोड दिएको छ । मुख्यतः यसले शिक्षक शिक्षा संस्थाहरू, शिक्षा मन्त्रालय र अन्य शिक्षाका मुख्य सरोकारवालाहरूलाई समावेशी पाठ्यक्रमको समायोजन, विकास र कार्यान्वयन गर्न रणनीति र समाधानहरू दिएको छ ।

## पाठ्यक्रम भन्नाले के बुझिन्छ ?

यस पैरवी निर्देशिकामा पूर्वसेवाकालीन शिक्षकलाई सिकाउने उद्देश्यले हामी पाठ्यक्रमको बारेमा कुरा गर्दैछौँ, शिक्षकहरूले विद्यालयमा पढाउने पाठ्यक्रमका बारेमा भने कुरा गर्दैनौँ ।

पाठ्यक्रम भन्नाले सिकाइ अनुभवहरूलाई संगठित तथा क्रमबद्ध गरी विशिष्ट सिकाइ उपलब्धिहरूलाई हासिल गर्ने माध्यम हो भन्न सकिन्छ । यसले के सिकिन्छ भन्ने कुरालाई निर्देशित गर्दछ र सिकाइको सहजीकरण किन र कसरी गरिन्छ भन्ने स्पष्ट पार्दछ । पाठ्यक्रमले समाज, राजनीति र विद्यालय/शिक्षकहरूबिचको सम्बन्धको प्रतिविम्बन गर्दछ । तसर्थ, समावेशी पाठ्यक्रमको विकासले समतामूलक र भेदभावरहित समाजको विकास गर्ने इच्छालाई प्रतिविम्बित गर्दछ ।[१]

यस पैरवी निर्देशिकामा पाठ्यक्रमको सन्दर्भलाई समावेशी शिक्षक शिक्षासँग सम्बद्ध गरी छलफल गरिएको छ । यसले निम्न कुरामा ध्यान दिनेछ :

- समावेशी पाठ्यक्रम : शिक्षक शिक्षामा प्रयोग भएका पाठ्यवस्तुहरू र विधिहरू समावेशी शिक्षाबारे स्पष्ट सन्देश दिने समावेशी एवम् सिकारु केन्द्रित दृष्टिकोणहरूको प्रयोग तथा सिकारुको चाहना र अनुभवहरूप्रति लचकता अपनाई तीप्रति जवाफदेही छन् भन्ने सुनिश्चित गर्न ।
- पाठ्यक्रम विकासमा समावेशी दृष्टिकोणहरू : शिक्षक शिक्षा पाठ्यक्रम विकासको प्रक्रिया समावेशी र सहभागितात्मक हुनुका साथै विभिन्न सरोकारवालाहरूको दृष्टिकोणलाई (उदाहरणका लागि : शिक्षकहरू, विद्यार्थीहरू विशेषज्ञहरू, अभिभावकहरू र पुरुष एवम् महिला सहयोगीहरू, अपाङ्गता भएका वा नभएकाहरू, अल्पसङ्ख्यक वा बहुभाषिक समूह, सहर र गाउँ एवम् यस्तै अन्य) सुनिश्चित गर्न ।

## किन पूर्वसेवाकालीन शिक्षक शिक्षा पाठ्यक्रम महत्वपूर्ण पैरवी मुद्दा बनेको छ ?

मुख्यतः शिक्षक शिक्षामा अवलम्बन गरिने पाठ्यक्रमले पूर्वसेवाकालीन कार्यक्रमहरूमा शिक्षकको ज्ञान, सिप, धारणा र सक्षमताको विकास गर्नुका साथसाथै विद्यार्थीहरूसँग तदनुरूप गरिने व्यवहारमा प्रभाव

पार्दछ । यदि हामीले समावेशी शिक्षाको प्रवर्धन गर्ने हो भने शिक्षकहरूले आफ्नो पेसागत विकासको पहिलो दिनदेखि जीवनपर्यन्त समावेशी विधिको शिक्षण र सिकाइमा प्रयोग गर्न, अनुभव गर्न र त्यसबारे सिक्न प्रयत्न गर्नु आवश्यक छ ।

धेरै जसो देशहरूमा सेवाकालीन शिक्षक कार्यक्रमहरूमा गरिने लगानीको उद्देश्य शिक्षकहरूको ज्ञान र क्षमता वृद्धि गर्नु र समावेशी शिक्षाप्रतिको धारणालाइ प्रभावित पार्नु हो । यस्तो निरन्तर पेसागत विकासको सधै आवश्यकता पर्दछ समावेशी पूर्वसेवाकालीन शिक्षक शिक्षामा पहुँच नभएका शिक्षकहरूलाई सहयोग गर्न सकियोस् र सबै शिक्षकहरूमा समावेशी शिक्षाको निरन्तर सुधारका लागि प्रतिबद्धताको वृद्धि गर्न सकियोस् । तथापि पूर्वसेवाकालीन र सेवाकालीन शिक्षक शिक्षा कार्यक्रमबिच सन्तुलन ल्याउन जरुरी देखिन्छ । यसबाट मुख्य शिक्षक शिक्षा कार्यक्रममार्फत प्रारम्भिक सिकाइ र तत्पश्चात् हुने पूरक सिकाइ (सेवाकालीन) का पाठ्यक्रमबिच प्रभावकारी मिश्रण ल्याउन सकिन्छ । शिक्षक शिक्षा संस्थान वा पूर्वसेवाकालीन शिक्षक शिक्षा पाठ्यक्रममा समावेशी शिक्षालाई समावेश गर्न गरिने पैरवीलाई समावेशी शिक्षातर्फ बढ्ने अनिवार्य कदमका रूपमा लिन सकिन्छ । तर पनि पूर्वसेवाकालीन शिक्षक शिक्षा पाठ्यक्रममा समावेशी शिक्षालाई राख्ने आव्हान गरेर मात्रै पुग्दैन । यसका लागि पाठ्यक्रमसँग सम्बन्धित धेरै चुनौतीहरूलाई सम्बोधन गर्नुपर्दछ । यस निर्देशिकाको बाँकी भागहरूमा हालकै अनुसन्धानबाट पहिल्याइएका मुख्य चुनौतीहरूको[२] बारेमा ध्यान दिनेछौं । यी चुनौतीहरू निम्नानुसार छन् :

- समावेशी शिक्षालाई शिक्षक शिक्षा पाठ्यक्रमको अभिन्न अङ्गका रूपमा नलिई एउटा छुट्टै अङ्गका रूपमा लिइनु ।
- समावेशी शिक्षा पाठ्यक्रमका अङ्गहरूले पूर्ण रूपमा समावेशी शिक्षाको व्याख्या नगरी सङ्कुचित रूपमा विशेष आवश्यकता र अपाङ्गतामा मात्र जोड दिनु ।
- समावेशी शिक्षालाई अभ्यास केन्द्रित प्रभावकारी पाठ्यक्रममार्फत भन्दा सिद्धान्त केन्द्रित पाठ्यक्रममार्फत प्रदान गर्नु ।
- पाठ्यक्रमविद् र शिक्षक - प्रशिक्षकहरूमा समावेशी शिक्षाको दक्षताको अभावका कारण मुख्य शिक्षक शिक्षा पाठ्यक्रममा समावेशी शिक्षालाई एकीकृत गर्ने सम्भाव्यतालाई बाधा पुर्‍याउनु ।
- शिक्षक शिक्षा पाठ्यक्रमका पाठ्यवस्तु र संरचनामा भेदभाव, रुढिवाद र पूर्वाग्रहजस्ता समस्या रहनु ।

पैरवीका यी र यस्तै कार्यहरूमा आफ्नो विशिष्ट सन्दर्भमा उब्जने चुनौतीहरूको खोजी गर्नु जरुरी छ । साथै अपेक्षित परिवर्तनहरू के हुन् जसमा जोड दिनु नितान्त आवश्यक छ भन्ने थाहा पाउनुपर्दछ । यहाँ उल्लेख गरिएको जानकारी समावेशी शिक्षक शिक्षा पाठ्यक्रमका लागि निर्देशन मात्र हो अनिवार्य सर्त भने होइन ।

चुनौती -१

# समाहित शिक्षालाई पूर्व-सेवाकालीन शिक्षक शिक्षाको एक अभिन्न अङ्को रूपमा विकास गर्नु

## अवस्थाको विश्लेषण

समावेशी शिक्षालाई अक्सर पृथक् शीर्षकका रूपमा लिइनु ।

धेरैजसो परिस्थितिमा शिक्षकहरूले समावेशी शिक्षाका बारेमा आफ्नो पूर्वसेवाकालीन कार्यक्रमहरूको दौरान सहजै सिकेको पाइँदैन । न त यो मूल शिक्षक शिक्षा पाठ्यक्रमको अंश नै भएको पाइन्छ । जहाँ शिक्षक शिक्षा संस्थाहरूमा समावेशी शिक्षाको तालिम दिइन्छ त्यहाँ समावेशी शिक्षालाई पृथक् पाठ्यवस्तुका रूपमा दिइन्छ । जसलाई विशेष आवश्यकता शिक्षा वा अपाङ्गता भएका बालबालिकालाई दिइने शिक्षाका रूपमा हेरिन्छ । चुनौती (२ पनि हेर्नुहोस्) । यसै गरी समावेशी शिक्षालाई ऐच्छिक विषय वा पाठ्यवस्तुका रूपमा लिएर विद्यार्थीहरूले प्राप्त गर्ने उपलब्धि वा प्राप्ताङ्कहरूमा सहयोग नपुऱ्याउने विषयका रूपमा लिँदा यो विषय विद्यार्थीको रोजाइमा परेको पाइँदैन ।

यस्तो अवस्थाका कारणले गर्दा समावेशी शिक्षा शिक्षाभित्रकै एउटा छुट्टै विशिष्ट विषय हो भनेर ठानिने तर हरेक शिक्षकले जान्नैपर्ने र तदनुसार काम गर्नुपर्ने विषयका रूपमा नलिइने । यसकै फलस्वरूप शिक्षकहरूले विद्यालयमा अध्यापन गर्दा सिकारुहरूमा देखिने विभिन्न विविधता सम्बोधन गर्न या त सक्दैनन् या त अनिच्छुक हुन्छन् । विद्यार्थीहरू उमेर, भेषभूषा, भाषा, धर्म, भाषिक क्षमता, लिङ्ग, सामाजिक तथा आर्थिक स्तर आदि कुराहरूमा एक अर्कासँग भिन्न हुन सक्छन् जसको व्यवस्थापन कक्षामा विविधता पाइन्छ ।

पूर्वसेवाकालीन पाठ्यक्रमका कमीकमजोरीले समावेशी शिक्षाका लागि हुने सेवाकालीन शिक्षक शिक्षामा भर पर्नुपर्ने हुन्छ ।

धेरैजसो देशहरूको पूर्वसेवाकालीन शिक्षक शिक्षा कार्यक्रमहरूको मुख्य पाठ्यक्रममा समावेशी शिक्षालाई विस्तृत रूपमा समेट्न सकेको देखिदैन । त्यसकारण सेवाकालीन शिक्षक शिक्षा कार्यक्रमले शिक्षकहरूको ज्ञान, सिप, कटिबद्धता र दृढ विश्वासमा रहेको दुरी कम गर्न खोज्दछ । यस्ता 'क्याच-अप' अर्थात् 'पछि समेट्ने' दृष्टिकोणहरूमा भर पर्नु कम प्रभावकारी ठानिन्छ । किनकि प्रारम्भिक शिक्षक शिक्षामा समावेशी शिक्षालाई समावेश गर्नु पछि सेवाकालीन कार्यक्रममा समावेश गर्नुभन्दा बढी उपयुक्त र प्रभावकारी

देखिन्छ । नेपालमा सञ्चालित पूर्वसेवाकालीन कार्यक्रममा समावेशी शिक्षालाई पर्याप्त मात्रामा समेट्न सकिएको छैन ।

सेवाकालीन पाठ्यक्रममा गरिने लगानी धेरै हुन्छ । (तालिममा गरिने लगानी र शिक्षक शिक्षिकालाई दैनिक शैक्षिक कार्यक्रमबाट सेवाकालीन तालिममा सहभागी गराउँदाको लगानी महँगो पन जान्छ । ) लगानी र आन्तरिक व्यवस्थापनमा लाग्ने खर्चका कारणले गर्दा यस्ता कार्यक्रमहरू सबै शिक्षकहरूलाई सबै देशहरूमा उपलब्ध हुदैनन् । ‘क्यासकेड तालिम’ अर्थात तहगत सेवाकालीन तालिम ३ शिक्षक शिक्षामा प्रचलित तालिम भए तापनि पूर्ण रूपमा यसैमा भर परेर समावेशी शिक्षाबारे शिक्षकहरूलाई शिक्षित गर्नु सेवाकालीन तालिमको रूपमा कम प्रभावकारी हुन्छ ।

समावेशी शिक्षामा गरिएको एकहप्ते सेवाकालीन शिक्षक शिक्षण कार्यक्रमहरूको सञ्चालन क्याथोलिक रिलिफ सेवा र भियतनामको शिक्षा तथा प्रशिक्षण मन्त्रालयले गरेका थिए । सन् २००८ सम्म यो कार्यक्रमले ९,४४,००० भन्दा बढी शिक्षकको २.८ प्रतिशत सेवाकालीन शिक्षकहरूलाई तालिम प्रदान गर्‍यो ४ । यो संख्याले धेरै शिक्षकहरू ( २६,००० भन्दा बढी ) तालिम प्राप्त भएको जनाए तापनि यस्तो उदाहरणले बाँकी सबै शिक्षकहरूलाई सेवाकालीन तालिमका माध्यमबाट समावेशी शिक्षाको पहुँच पुर्‍याउनसक्ने चुनौतीलाई पनि उजागर गर्दछ । तसर्थ यस शैक्षणिक सेवाको भारलाई सबै शिक्षकहरूले पूर्वसेवाकालीन अवस्थामै समावेशी शिक्षाको बारेमा ज्ञान हासिल गर्ने प्रावधानमार्फत वितरण गर्न सकिन्छ ।

समावेशी शिक्षामा सेवाकालीन तालिम प्रदान गर्दा शिक्षकहरूको प्रतिरोधको सामना गर्नुपर्ने हुनसक्दछ । तर मूल रूपमा पूर्वसेवाकालीन शिक्षक सेवाको मुख्य पाठ्यक्रममा समावेशी शिक्षाको अवधारणा सुरुमै समावेश गरिदिँदा त्यस्तो प्रतिरोध नहुन सक्दछ । अनुभवी शिक्षकहरूले आफ्नो काम कर्तव्यबारे सचेत भएको र आफ्नो क्षमतामा विश्वास भएकाले आफ्नो क्षमतामा केही कमी छ भन्ने आशयलाई उनीहरूले नकार्न सक्दछन् । कठिन परिस्थितिबाट आएका वा अपाङ्गता भएका विद्यार्थीलाई नयाँ अपेक्षाका साथ पढाउनुपर्छ भन्ने कुरालाई स्वागत नगर्न सक्दछन् । समावेशी शिक्षालाई अँगाल्नु भनेको आफ्नो नियमित शिक्षणमा थप जिम्मेवारी बहन गर्नु हो भन्ने चिन्ता यी अनुभवी शिक्षकहरूलाई लाग्न सक्छ ।

आफ्नो अवस्था एवम् परिस्थितिको विश्लेषणका लागि मद्दत गर्न तपाईं आफैलाई निम्न प्रश्नहरू सोध्न सक्नुहुन्छ :

- के शिक्षक शिक्षा कार्यक्रमअन्तर्गत समावेशी शिक्षासम्बन्धी पाठ्यांश (कोर्स) एकल रूपमा उपलब्ध छन् ? त्यस्ता पाठ्यांशहरूमा के के विषयवस्तुहरू समावेश गरिएका छन् ? वा के सबै पाठ्यांशहरूमा समावेशी शिक्षाका दृष्टिकोणहरूलाई एकीकृत रूपमा प्रस्तुत गरिएको छ ?
- के सबै विद्यार्थी शिक्षकलाई अनिवार्य रूपमा समावेशी शिक्षाका पाठ्यांशहरू लिन लगाइन्छ ?
- के समावेशी शिक्षाका पाठ्यांशहरूको पाठ्यभार अन्य पाठ्यांशसरह नै विद्यार्थीको पूर्ण पाठ्यभारमा गणना गरिन्छ ?
- तपाईंको देशमा समावेशी शिक्षाका लागि शिक्षक शिक्षा कार्यक्रम कति पूर्वसेवाकालीन र रूपमा र कति सेवाकालीन कार्यक्रमका रूपमा समावेश गरिएका छन् ? यसरी कति शिक्षक र विद्यार्थी शिक्षकहरू समावेशी शिक्षा यी दुई पद्धतिबाट समेटिएका छन् ?

- के सेवाकालीन कार्यक्रमअन्तर्गत समावेशी शिक्षा कार्यक्रमको मूल्याङ्कन गरिएको छ ? उदाहरणका लागि के तपाईंलाई थाहा छ कि यी कार्यक्रमलाई शिक्षकहरूले कुन हदसम्म राम्रै ठानेका छन् ? साथै यस्ता कार्यक्रमको परिणामस्वरूप शिक्षण सिकाइको प्रकृति वा सुधारमा के, कुन हदसम्म सुधार भएको छ ? पूर्वसेवाकालीन शिक्षक शिक्षाको के कस्तो अवस्था रहेको छ ?

## पैरवी उद्देश्यहरू

**पाठ्यक्रम पैरवी सन्देश - १**

***'सम्पूर्ण पूर्वसेवाकालीन शिक्षक शिक्षा संस्थाहरू, विश्वविद्यालयहरू वा कलेजहरूले सम्पूर्ण भावी शिक्षकहरूलाई समावेशी शिक्षाबारे शिक्षित गर्नुपर्दछ।'***

शिक्षामा विविधताको बुझाइ तथा त्यसप्रतिको प्रतिक्रिया थोरै मात्र विद्यार्थी शिक्षकहरूको ऐच्छिक सिकाइ हुनु हुँदैन । उदाहरणका रूपमा समावेशी शिक्षा, विशेष आवश्यकता शिक्षा, अपाङ्गता वा अन्य सीमान्तकृत समूहहरू जो अल्पमतका छन् पहिल्यै नै यी विषयमा रुचि भएका हुन सक्छन् । यसको साटो समावेशी शिक्षालाई सबै विद्यार्थी शिक्षकका लागि अति आवश्यक सिकाइ उद्देश्यका रूपमा मान्यता दिनुपर्दछ । यी विद्यार्थी शिक्षकले पढाउने तह जुनसुकै भए पनि, पढाउने विषयहरू जुनसुकै भए पनि वा कुनै ठाउँमा पदस्थापना भए पनि यो सिकाइ उद्देश्य महत्त्वपूर्ण हुन्छ । तसर्थ पूर्वसेवाकालीन शिक्षक शिक्षा पाठ्यक्रमलाई समायानुकूल परिवर्तन वा विकास गरी सबै विद्यार्थी शिक्षकलाई समावेशी शिक्षाका सिकाइ उद्देश्यहरूप्रति सचेत बनाउँदै आवश्यक सहयोग गर्नुपर्दछ ।

कतिपय विद्यार्थी शिक्षकहरूमा समावेशी शिक्षा र सामाजिक समानतामा विश्वास भइसकेको अवस्थामा उनीहरूलाई समावेशी शिक्षाका सिद्धान्तहरूलाई व्यवहारमा अनुवाद गर्न सहयोग गर्नुपर्दछ । अन्य समूहहरूले सम्पूर्ण बालबालिका एवम् युवावर्गहरू जो पारम्परिक रूपमा सीमान्तकृत पारिएका थिए तिनलाई समावेश गर्नुपर्दछ भन्ने विचारलाई नितान्त नौलो ठान्न सक्दछ । यस्तो विचार उनका लागि सम्भवतः भ्रमपूर्ण वा डरलाग्दो हुन सक्दछ । पूर्वसेवाकालीन पाठ्यक्रमलाई समयानुकूल परिवर्तन र विकास गर्नुपर्दछ ताकि सबै विद्यार्थी शिक्षकहरूको विश्वास र अनुभवप्रति जवाफदेही बन्न सकियोस् । आजको आवश्यकता हो । साथै उनीहरूलाई आवश्यकताअनुसार प्रतिविम्बन गर्न र आफ्नो मानसिक अभिवृत्ति परिर्वतन गर्न सहयोग पुगोस् । यसरी नै यस्तो परिवर्तनबाट व्यावहारिक सिप निर्माण गर्ने तथा आत्मविश्वास बलियो पार्न सकियोस् ।

**पाठ्यक्रम पैरवी सन्देश - २**

***शिक्षक शिक्षाका प्रत्येक पाठ्यांश वा नमुनाले समानता, समावेशिता र मानव अधिकारको सक्रिय रूपमा प्रवर्धन र प्रदर्शन गर्नुपर्दछ।***

सम्पूर्ण विद्यार्थी शिक्षकहरूलाई समावेशी शिक्षाको ज्ञान प्रदान गर्नु भनेको समावेशी शिक्षाका पाठ्यांशहरू वा नमुनालाई मात्र विस्तार गर्नुभन्दा बढी काम गर्नुपर्दछ। विद्यार्थी शिक्षकहरूलाई समावेशी शिक्षासम्बन्धी पाठ्यक्रम अनिवार्य बनाउनु मात्रले पनि यो पूर्ण हुँदैन । वास्तवमा समावेशी शिक्षालाई शिक्षाको एउटा अभिन्न अङ्गका रूपमा हेरिनु नितान्त आवश्यक छ जसलाई अर्को शब्दमा भन्नुपर्दा शिक्षक शिक्षाका प्रत्येक

अङ्गहरूमा मिलाएर लैजानुपर्दछ ।

प्रत्येक पाठ्यांशले समानता र समावेशिताको सन्देश प्रवर्धन गर्नु आवश्यक हुन्छ र समावेशी शिक्षण र सिकाइलाई अभ्यासमा उतार्न सक्नुपर्दछ । प्रत्येक पाठ्यांशले विद्यार्थी शिक्षकहरूलाई सिकारुका भिन्न पृष्ठभूमिका बाबजुद कसरी उनीहरूका लागि प्रत्येक विषयवस्तु वा अवस्थालाई  समावेशी बनाउन सकिन्छ भन्ने कुरामा प्रोत्साहित गर्नुपर्दछ । यदि शिक्षकहरूले यस्ता सन्देशहरू दैनिक रूपमा आफ्नो प्रारम्भिक तालिममा सुन्ने गरेको खण्डमा र यदि उनीहरूका प्रशिक्षकहरूले समावेशी शिक्षाका अभ्यासहरू प्रदर्शन गरेको देख्छन् भने यस्तो अवस्थामा समावेशी अभ्यास एक मान्यताका रूपमा विकसित हुन जान्छ, न कि अपवाद समावेशी शिक्षाको पूर्वसेवाकालीन शिक्षक शिक्षाले कम प्रतिरोध र शङ्काको सामना गर्ने भएकाले पेसागत रूपमा बढी सिर्जनशील र लचक शिक्षकहरूलाई शिक्षण पेसामा प्रवेश गराउने परिणाम यसले प्राप्त गर्न सक्छ ।

अकाट्य रूपमा भन्नुपर्दा समावेशी शिक्षाका लागि यस्तो एकीकृत दृष्टिकोण प्राप्तिका लागि धेरै देशहरूमा सम्पूर्ण रूपमा शिक्षक शिक्षा पाठ्यक्रममा ठुलै मात्राको परिर्वतनकारी परिमार्जनको आवश्यकता भएको देखिन्छ । साथै यसका लागि शिक्षक शिक्षा पाठ्यक्रम निर्माताहरू र सो पाठ्यक्रमलाई अभ्यासमा ल्याउने शिक्षकहरूको क्षमता विकास गर्नेतर्फ दरिलो कदम चाल्नु आवश्यक छ ।

शिक्षक शिक्षा पाठ्यक्रमको विकास र कार्यान्वयनमा अपेक्षित सुधार एकै पटकमा हुन सक्दैन  । मुख्यतः पाठ्यक्रमको पैरवी सन्देश - २ लाई विभिन्न ससाना अंशहरूमा खण्डीकृत गरी, छोटो समयका प्राप्तिमूलक उद्देश्यहरूमा बाँड्नु जरुरी हुन्छ  । यसका साथै पैरवी उद्देश्यहरू एकल रूपमा स्थापित हुँदैनन् भन्ने कुरा सम्झनु महत्त्वपूर्ण हुन्छ  । उदाहरणका लागि यी पैरवी उद्देश्यहरू र चुनौती - ४ मा उल्लेखित उद्देश्यहरूबिच बलियो अन्तरसम्बन्ध (पाठ्यक्रमविद् र शिक्षक प्रशिक्षकको क्षमता वृद्धिसँग सम्बन्धित) छ  । तसर्थ, शिक्षक शिक्षा पाठ्यक्रममा सुधार ल्याउनका लागि रणनीतिक र एकीकृत पैरवी योजना निर्माण गर्नु आवश्यक छ  ।

चुनौती–२

# विशेष आवश्यकता शिक्षाबाट समावेशी शिक्षाको बृहत् दृष्टिकोणतर्फ बढ्नु ।

## अवस्थाको विश्लेषण

**सतही परिवर्तनहरू**

शिक्षा मन्त्रालय र शिक्षक शिक्षा संस्थाहरूले बढ्दो रूपमा समावेशी शिक्षाका पाठ्यांशहरूलाई पूर्वसेवाकालीन पाठ्यक्रममा राख्न सक्दछन् । तर यी पाठ्यांशहरूलाई यथार्थमा व्याख्या विशेष आवश्यकता शिक्षा वा अपाङ्गता भएका विद्यार्थीहरूको शिक्षा भन्न सकिन्छ । ती पाठ्यक्रमा वा पाठ्यांशहरूले आफ्नो नाम परिवर्तन गरेका हुन सक्दछन् तर अक्सर तिनले सबै सिकारुहरूका लागि समावेशी शिक्षाका एकीकृत दृष्टिकोण समावेश गरेको पाइँदैन जुन हामीले पैरवी निर्देशिका – १ मा उल्लेख गरेका छौं । युनेस्को बैङ्ककद्वारा शिक्षक शिक्षाका बारेमा हालसालै गरिएको समीक्षाले पूर्वसेवाकालीन शिक्षक शिक्षा पाठ्यक्रममा समावेशी समावेशी शिक्षाको साझा धारणा समावेश नगरेको देखाएको छ ५ । केही देशहरूमा समावेशी शिक्षा (शिक्षक शिक्षा) पाठ्यक्रममा विशेष आवश्यकता भएका बालबालिका वा विकासात्मक ढिलाइ भएका ६ बालबालिकासम्बन्धी विशेष शीर्षकहरूलाई राखिएको देखिन्छ ।

विशेषतः लैङ्गिक समानता र बहुभाषिक शिक्षाका मुद्दाहरू धेरैजसो देशहरूका समावेशी शिक्षाका पाठ्यक्रममा स्पष्ट देखिने गरी नराखेकै पाइन्छ ७ । उदाहरणका रूपमा केही देशहरूमा शिक्षक शिक्षा संस्थाहरूका पाठ्यक्रममा लैङ्गिकता समावेश नभएको पाइन्छ वा यसका बारेमा विशेष पाठ्यांशहरूमा मात्र राखिएको हुन्छ । यसलाई एकीकृत रूपमा पाठ्यक्रममा समावेश गरिएको पाइँदैन ८ ।

केही घटनाहरूमा त पाठ्यांश □ नमुनाको नाम, न त विषयवस्तु नै परिवर्तन गरिएको पाइन्छ । पुनरावलोकनले के देखाएको छ भने केही देशहरूमा ‘समस्याको उपचार’मा केन्द्रित विशेष शिक्षाका पाठ्यांशहरू शिक्षकहरूलाई प्रदान गरिएको हुन्छ । तर यी कुनै पनि पाठ्यांशहरू (साङ्केतिक रूपमै भए पनि) समावेशी शिक्षाका बारेमा छैनन् ९ ।

शिक्षक शिक्षा संस्थाहरू मात्रै आफ्नो शिक्षक शिक्षा पाठ्यक्रममा समावेशी शिक्षालाई विशेष आवश्यकता वा अपाङ्गताको साँघुरो दृष्टिकोणबाट हेर्ने नभएर अरु संस्थाले पनि यस्तै सङ्कुचित व्याख्या गरेका छन् । यस्ता व्याख्या रूपमा सरकारी र गैरसरकारी संस्थाका शैक्षिक प्रयासहरू, नीति तथा निर्देशिन अभिलेखहरूमा समेत गरिएको छ । समावेशी शिक्षाको क्रमिक विकास अपाङ्गता अधिकार आन्दोलनबाट भएको हो । त्यसैले अपाङ्गता भएका सिकारुलाई सहयोग गर्ने कुराको निरन्तरता महत्त्वपूर्ण हुन्छ नै तथापि शिक्षा नीति निर्माता र अभ्यासकर्ताहरूले समावेशी शिक्षालाई परिवर्तनको प्रक्रियाका रूपमा बुझ्नु अति आवश्यक छ । यसबाट अपाङ्गता भएका सिकारुलाई मात्र नभई सम्पूर्ण सिकारुहरूलाई सहयोग पुग्नुपर्दछ भनेर बुझ्नुपर्छ र यो आशय पाठ्यक्रममा स्पष्ट रूपमा प्रतिविम्बित भएको हुनुपर्दछ ।

अफ्रिका र एसियाका चार देशहरूमा गरिएको सरकारी नीति तथा कार्यनीतिहरूको समीक्षाले (पाठ्यक्रममा गरिएको समेत) यसरी उल्लेख गरेको छ 'ती अभिलेखहरूले समावेशी, एकीकृत र विशेष शिक्षाका बारेमा साझा द्विविधा देखाएका छन् साथै समावेशी शिक्षालाई मूलतः अपाङ्गता भएका बालबालिकाको शिक्षाका रूपमा गलत बुझाइ भएको छ ।' [१०]

## पाठ्यक्रम परिवर्तनप्रति प्रतिरोध

विशेष आवश्यकताको बारेमा गरिने शिक्षक शिक्षाको व्यवस्थापनले अक्सर विशेष आवश्यकता शिक्षा विशेषज्ञता केन्द्रित र सबै शिक्षकलाई लक्षित नगरिएको भन्ने धारणाको पक्षपोषण गर्दछ । प्रारम्भिक शिक्षक शिक्षामा भएका 'विशेष शिक्षाका पाठ्यवस्तु वा नमुनाहरूले विशेष शिक्षालाई पृथक् रूपमा हेर्ने विचारको पक्षपोषण गर्ने र अपाङ्गता भएका बालबालिकाको जिम्मेवारी विशिष्ट विषयहरू अध्ययन गरेका विज्ञ व्यक्तिहरूको मात्र हो भन्ने विश्वासलाई बल दिन्छ ।' [११]

शक्तिका मूलभूत मुद्दाहरूले यस्तो अवस्थालाई निरन्तरता दिन भूमिका खेल्दछन् । कतिपय शिक्षक शिक्षा संस्थाहरूले विशेष विद्यालयहरूका लागि चाहिने शिक्षकहरू तयार गर्न र अपाङ्गता भएका बालबालिकालाई शिक्षण गर्ने विशिष्टता हासिल गरेका शिक्षकहरू बनाउन विशेषज्ञता पाएका हुन सक्छन् । समावेशी शिक्षातर्फको कदमका रूपमा प्रत्येक शैक्षिक संस्थाहरूले सबै प्रकारका बालबालिकालाई (यसभित्र अपाङ्गता भएका वा विशेष आवश्यकताका बालबालिका) शिक्षण गर्ने चुनौतीपूर्ण कामका लागि शिक्षक तयार पार्ने काम सदा स्वागतयोग्य नहुन सक्दछ । यस्तो काम स्थापित विशिष्ट शिक्षक शिक्षा संस्थाहरू, पाठ्यांशहरू र तिनका कर्मचारीहरूका लागि प्रत्यक्ष चुनौती हुन सक्दछ । यस्ता विशिष्ट संस्थाहरूको आफ्नो देशका शिक्षक शिक्षा नीतिमा प्रत्यक्ष प्रभाव पार्न सक्ने भूमिका भएमा तिनका विशेष शिक्षामुखी बहसलाई विवाद गर्ने काम चुनौतीपूर्ण बन्न जान्छ । साथै यस्ता संस्थालाई सबै विद्यार्थी शिक्षकहरूलाई समावेशी शिक्षा कार्यक्रमहरू प्रदान गर्नुपर्दछ भनेर सहमत गराउन निकै कठिन देखिन्छ ।

'समावेशी शिक्षा'का पाठ्यांशहरू प्रदान गर्ने शिक्षक शिक्षा संस्थाहरूमा समेत शिक्षक प्रशिक्षकहरूले आफ्नो पाठ्यसामग्री र पाठ्यक्रमलाई समावेशी शिक्षाका बृहत् व्याख्याअनुरूप परिमार्जन गर्नुपर्दछ भन्ने सुझावहरूलाई प्रतिरोध गर्न सक्दछन् । (लैङ्गिक समानता, भाषिक मुद्दाहरू र सम्पूर्ण सीमान्तकृत समूहका मानव अधिकारजस्ता मुद्दाहरूलाई समावेशी शिक्षामा राख्नुपर्छ भन्ने) उनीहरू अपाङ्गता वा विशेष आवश्यकता केन्द्रित पाठ्यसाग्रीमै केन्द्रित सन्तुष्ट हुन सक्छन् र यस्ता पाठ्यसामग्रीलाई समावेशी बनाउनुपर्छ भन्ने कुरा घवराहटपूर्ण हुन जान्छ ।

तपाईंले आफ्नो परिवेश आफ्नो सन्दर्भमा विश्लेषण गर्न सघाउनका लागि निम्नानुसार प्रश्नहरू सोध्न सक्नुहुनेछ :

- के 'समावेशी शिक्षा' पाठ्यांशहरूले सबै सिकारुहरूमा समावेशी शिक्षाबारेको विस्तृत व्याख्या प्रदान गर्दछन् ? वा के तिनीहरू अझै पनि मुख्य रूपमा विशेष आवश्यकता वा अपाङ्गता केन्द्रित पाठ्यांशका रूपमा नै छन् ?
- के विशेष आवश्यकत/अपाङ्गतामा विशिष्टता भएका शैक्षिक संस्थाहरू □ शिक्षक प्रशिक्षकहरू र साधारण शिक्षक शिक्षाबिच सहयोग छ ? वा तिनीहरूबिच प्रतिस्पर्धा र आशङ्का भएको पाइन्छ ?
- के शिक्षक शिक्षा संस्थाहरूका प्रमुखहरू र शिक्षक प्रशिक्षकहरूमा परिवर्तनप्रति सकारात्मक धारणा पाइन्छ ? या तिनीहरूमा पाठ्यांशका सुधार, परिवर्तन वा प्रतिस्थापन गर्नुपर्दछ भन्ने सल्लाह सुझावप्रति प्रतिरोध भएको पाइन्छ ?

# पैरवी उद्देश्यहरू

### पाठ्यक्रम पैरवी सन्देश - ३

***शिक्षक शिक्षा पाठ्यक्रम निर्माताहरू, शिक्षक प्रशिक्षकहरूले विशेष आवश्यकता र समावेशी शिक्षाका सिद्धान्तहरूबारे आफ्ना बुझाइमा सुधार ल्याउनुपर्दछ ।***

समावेशी शिक्षाबारे द्विविधाहरू निरन्तर र आक्रामक रूपमा फैलिएका छन् । यस्तो अवस्था तबसम्म जारी रहन्छ जबसम्म विद्यार्थी शिक्षकहरूले समावेशी शिक्षा र अपाङ्ता भएका वा विशेष आवश्यकता भएका सिकारुहरूको शिक्षाबारे यस्तै भ्रमपूर्ण वा मिश्रित सन्देशहरू प्राप्त गर्दछन् । तसर्थ शिक्षक प्रशिक्षकहरू (आफूले काम गर्ने व्यक्तिका लागि पाठ्यक्रम निर्माणमा संलग्न हुने) लाई समावेशी शिक्षाको बुझाइ तिखार्ने प्रक्रियामा निरन्तर रूपमा सामेल गराउनुपर्दछ । यसका लागि निम्नलिखित कुराहरूको आवश्यकता पर्न सक्दछ :

- धेरैभन्दा धेरै (गुणस्तरीय) शैक्षिक अनुसन्धानमा संलग्न भई नयाँ अनुभवहरूलाई प्रभावकारी रूपमा शिक्षक शिक्षाका पाठ्यक्रम, पाठ्यांशहरूमा समावेश गराउने ।
- शिक्षक प्रशिक्षकहरूका ज्ञान र सिपलाई निरन्तर तथा मजबुत तरिकाले अद्यावधिक गराउने ताकि उनीहरूले प्रभावकारी ढङ्गबाट समावेशी शिक्षामा केन्द्रित पाठ्यक्रमलाई विद्यार्थी शिक्षकअनुकूल बनाएर पठनपाठन गर्न सकून् ।

### पाठ्यक्रम पैरवी सन्देश - ४

***'शिक्षक शिक्षा संस्थाहरूले आफ्ना संस्थाहरूमा प्रवर्तन र परिवर्तनप्रति प्रतिवद्धताको विकास गर्नुपर्दछ । सोअनुरूप आफ्ना प्रतिबद्धता प्रतिविम्बित गर्ने पाठ्यक्रमको विकास गर्नुपर्दछ ।'***

शिक्षक शिक्षा शिक्षामा प्रवर्तन ल्याउने नेतृत्वदायी सम्भावना बोकेको र नयाँ पुस्ताका शिक्षकहरूलाई नयाँ सोच र सिपहरूबाट सुसज्जित पार्नसक्ने भूमिकामा रहन्छ । यद्यपि यस कार्यलाई सफल बनाउन शिक्षक शिक्षा संस्थाहरू आफैमा परिवर्तनप्रति प्रतिबद्धताको खाँचो पर्दछ । साथै, विद्यार्थी शिक्षकलाई प्रदान गरिने पाठ्यक्रममा प्रवर्तनात्मक संस्कति प्रतिविम्बित हुनु आवश्यक हुन्छ । परिवर्तनप्रति खुलापनलाई प्रोत्साहित गर्नुपर्ने र परिवर्तनप्रति प्रतिरोधको भावनालाई प्रभावकारी रूपमा (संवेदनशील रूपमा) सम्बोधन गर्न जरुरी छ । यसका लागि निम्न लिखित कुराहरूको आवश्यकता पर्नसक्दछ :

- शिक्षक प्रशिक्षकहरूका लागि वैकल्पिक सिकाइका अवसरहरूमा लगानी गर्ने जसले गर्दा उनीहरूलाई आफ्ना पाठ्यक्रमलाई नवीनतम, ताजा र प्रवर्तनात्मक राखिराख्न सक्षम बनाउन सकियोस् ।
- शिक्षक प्रशिक्षकहरूलाई अन्य संस्थाहरू, विदेशबाट सिक्ने अवसरहरूको उपलब्धता र शिक्षक शिक्षाअन्तर्गत समावेशी शिक्षालाई कसरी भित्र्याउन सकिन्छ भन्ने बारे बहसहरूमा भाग लिन पाउने अवसरको सुनिश्चितता हुनुपर्दछ ।
- शिक्षक प्रशिक्षकहरूलाई अपाङ्गता भएका व्यक्तिहरू र विभिन्न समूहका मानिसहरूसँग प्रत्यक्ष रूपमा काम गर्ने अवसर जुटाइदिने र यसरी उनीहरूलाई आफ्ना विद्यार्थी शिक्षकहरूलाई सल्लाह र सहयोग प्रदान गर्न सक्नुपर्दछ । र
- शिक्षक प्रशिक्षकहरूका अनुसन्धानहरू, पाठ्यक्रम वा शैक्षणिक प्रवर्धन आदि कार्यलाई मान्यता दिँदै सोबारे छलफल गर्ने संयन्त्र तयार गर्नुपर्दछ ।

**पाठ्यक्रम पैरवी सन्देश - ५**

***'सरकारले शिक्षक शिक्षाका लागि उचित मापदण्डको विकास गर्नु पर्दछ जसले सम्पूर्ण शिक्षक शिक्षा संस्थाहरूलाई त्यस्तो पाठ्यक्रमको विकास वा प्रयोगबाट प्रत्येक शिक्षकलाई समावेशी शिक्षाबारे ज्ञान प्रदान गर्न सकिन्छ।'***

सरकारले सबै शिक्षक शिक्षा संस्थाहरूले आफ्ना पाठ्यक्रममार्फत समावेशी शिक्षाका लागि सबै विद्यार्थी शिक्षकहरूलाई तयार पार्नुपार्दछ भन्ने कुरामा दृढ र प्रतिबद्ध कदम चाल्नुपर्दछ । यसका लागि समावेशी शिक्षाका गहन सन्देशहरू र प्रतिबद्ध पाठ्यांशहरूको मिश्रणमार्फत आवश्यक पाइला चाल्नुपर्दछ ।

विशिष्टीकृत पाठ्यक्रमहरूले विद्यार्थीहरूलाई अपाङ्गता भएका बालबालिका, बहुभाषिक तथा बहुसांस्कृतिक समूहका बालबालिकाका शिक्षासम्बन्धी मुद्दाहरूमा गहिरो खोज गर्न सक्षम तुल्याउनेजस्ता विषयहरू पाठ्यक्रममा अझै रहेका हुन सक्छन् । तर पनि मुख्य सर्त के हो भने समावेशी शिक्षालाई मुख्य शिक्षक शिक्षा पाठ्यक्रमको अभिन्न अङ्गका रूपमा विद्यार्थी शिक्षकका लागि प्रदान गरिन्छ भन्ने कुरामा जोड रहनुपर्दछ ।

यस्तो कदमलाई बलियो बनाउनका निम्ति सरकारलाई ठूलो मात्रामा हौसला, सहयोग र जनशक्ति विकासको खाँचो पर्न सक्दछ । तसर्थ, धेरै पैरवी उद्देश्यहरूलाई गरिएजस्तै हामीले यसलाई पनि ससाना चरणहरूमा विभाजन गर्नुपर्दछ । उदाहरणको रूपमा, सुरुमा हामीलाई शिक्षा मन्त्रालयका कर्मचारीहरूलाई समावेशी शिक्षासम्बन्धी पेसागत विकासका लागि वकालत गनुपर्ने हुन्छ । यसले गर्दा उनीहरूले समावेशी शिक्षामा पाठ्यक्रम विकास गर्न उपयुक्त सल्लाह प्रदान गर्न सकून् र शिक्षक शिक्षा संस्थाहरूबाट अपेक्षित मापदण्डअनुसार काम सञ्चालन हुन सकोस् भनेर सुसूचित निर्णय गर्न सकियोस् ।

चुनौती -३

# सिद्धान्त र अभ्यासबिच उचित सन्तुलन कायम गर्ने

## अवस्थाको अध्ययन

**पाठ्यांशहरू सैद्धान्तिक सिकाइहरूबाट निर्देशित छन् ।**

धेरै जसो अवस्थामा समावेशी शिक्षासँग सम्बन्धित शिक्षक शिक्षा पाठ्यक्रम बढी सैद्धान्तिक हुने गरेका छन् । कुनै पनि अवधारणासँग सम्बन्धित सैद्धान्तिक कुराहरूको ज्ञान हरेक शिक्षकलाई आवश्यक पर्दछ । समावेशी शिक्षा एउटा साधारण अवधारणा होइन र यो 'विशेष आवश्यकता शिक्षा' र अन्य शैक्षिक दृष्टिकोणहरूसँग कसरी फरक छ, यसको अर्थ के हो जस्ता विषयको विश्लेषणर प्रतिविम्बनमा उपयोगी समय व्यतित गर्न सकिन्छ ।

यद्यपि, समावेशी शिक्षाको अवधारणा तब सार्थक हुन्छ जुन दिन हामी यसलाई सही अभ्यासमा उतार्न सफल हुन्छौं । एसिया प्यासिफिक क्षेत्र वा संसारमा भएका शिक्षक शिक्षा पाठ्यक्रमले विरलै मात्र आफ्ना विद्यार्थी शिक्षकहरूलाई समावेशी शिक्षाबारे अनुभव हासिल गर्ने अवसर प्रदान गर्दछन् न त तिनीहरूले विभिन्न समूहका सिकारुहरूलाई अध्यापन गर्नुअगावै शिक्षण सिकाइका लागि अपनाइने विद्यार्थी केन्द्रित, समावेशी र गतिशील दृष्टिकोणहरूको अभ्यास गर्ने अवसर नै पाउँछन् ।

शिक्षक शिक्षाका बारेमा भएको युनेस्को व्याङ्ककले गरेको एउटा प्रतिवेदनको पुनरावलोकनमा भनिएजस्तै : जनाएअनुसार, "(शिक्षक शिक्षा) पाठ्यक्रमले मुख्य रूपमा शिक्षकहरूको दक्षताको विकास गर्ने उद्देश्यको सट्टा विषयवस्तुमा जोड दिएको देखिन्छ ।" १२ यो कुरालाई युनेस्को क्षेत्रीय विज्ञहरूको बैठकका सहभागीहरूले समेत समर्थन गरेको पाइयो । व्यक्त भएको थियो । (एसिया प्यासिफिक क्षेत्रमा गुणस्तरीय शिक्षक शिक्षामार्फत समावेशी शिक्षा, जुलाइ, २०१२) ।

उदाहरणको रूपमा, लिनुपर्दा केही देशहरूमा के उल्लेख गरिएको छ भने "(शिक्षक शिक्षाको) समावेशी शिक्षामा बढी सैद्धान्तिक ध्यान दिएको पाइयो । तसर्थ, नयाँ शिक्षकहरूले पाठ्यक्रममा सिकेका कुराहरू र कक्षाकोठामा भोगिरहेका समस्याहरूबिच दुरी वा अन्तर रहेको छ ।" १३

शिक्षक शिक्षामा सम्बन्धित सामाजिक सिद्धान्त र शिक्षाको प्रयोगको मुद्दा विश्वव्यापी रूपमा नै के हो भने विद्यार्थी शिक्षकहरूलाई आफ्नै जीवन तथा परिस्थितिसँग त्यस्ता सिद्धान्तहरूलाई सम्बद्ध गरी तिनलाई राम्ररी बुझेर मूल्याङ्कन गर्न त्यति सहयोग गरिएको पाइदैन ।

**विद्यार्थी शिक्षकहरूलाई प्रयोगात्मक रूपमा समस्या समाधान गर्न सहयोगको अभाव**

समावेशी शिक्षा एउटा साधारण तथा निश्चित अवधारणा नभई निरन्तर परिवर्तन र सुधारको प्रक्रिया हो । यसको कार्यन्वयन गर्नका निम्ति समावेशी शिक्षामा विज्ञ भई अगाडि आउने हरेक समस्या कसरी

समाधान गर्ने भन्ने कुराको ज्ञान भएको व्यक्ति हुनु जरुरी हुन्छ भन्ने होइन। यसको सट्टा समावेशी शिक्षाका कार्यान्वयनकर्ताहरू विशिष्ट समस्याको पहिचान र समाधान गर्नसक्ने दक्षता भएको छ र अनुकरणीय अभ्यासहरूको पहिचान गर्नसक्ने हुनुपर्दछ।

समस्या समाधान गर्ने दक्षता केवल व्याख्यान र पुस्तकहरूको अध्ययनबाट मात्र सिकिने नभई अभ्यासको फलस्वरूप विकास र परिमार्जन गर्नुपर्ने सिप हो। शिक्षक शिक्षा पाठ्यक्रम विशेषतः समावेशी शिक्षा पाठ्यक्रमका साथै साधारण शिक्षाको पाठ्यक्रमले पनि विद्यार्थी शिक्षकहरूलाई अवलोकन र प्रत्यक्ष अनुभवहरू प्राप्त गर्ने प्रयोगात्मक अवसर प्रदान गर्दैन। अभ्यास - केन्द्रित सिकाइलाई (सिद्धान्तमा आधारित) शिक्षक शिक्षा पाठ्यक्रमले केन्द्रविन्दुमा नराखीकन कम महत्त्व दिने भएकाले विद्यार्थी शिक्षकहरूको क्रेडिट वा अन्तिम अङ्क प्राप्तिमा (जुन निश्चित रूपमा लिखित परीक्षाले निर्धारण गर्दछ।) खासै योगदान नहुने भएकाले अभ्यासमा आधारित सिकाइले प्राथमिकता नपाएको हो।

प्रारम्भिक शिक्षक शिक्षा कार्यक्रमहरूले विद्यार्थी शिक्षकहरूलाई बालबालिकाको सिकाइ आवश्यकता र क्षमताहरूको कसरी पहिचान र सहयोग गर्ने भन्ने पर्याप्त प्रयोगात्मक निर्देशन नदिएको हुन सक्छ। यसका बारेमा अपाङ्गता भएका सिकारुहरूको पहिचान र तिनलाई सहयोग गर्ने प्राविधिक तरिकाहरूका बारेमा विशिष्टता भएका पाठ्यांशहरू उपलब्ध भएका हुन सक्छन्। (विशेष आवश्यकता शिक्षा वा विशेष विद्यालयमा काम गर्न इच्छुक विद्यार्थी शिक्षकहरूले छान्ने यी पाठ्यांश) तर त्यस्ता शिक्षकहरूलाई तयार गर्न कम ध्यान दिइएको छ जसले मूल प्रवाहका सिकारुहरूको व्यक्तिगत सिकाइ आवश्यकताहरूको पहिचान गर्न र तिनलाई सम्बोधन गर्न सकून्।

प्रभावकारी समस्या - समाधान गर्ने सिप विद्यार्थी - शिक्षकहरूको आफूले काम गर्ने र जिउने सामाजिक र शैक्षिक परिवेश तथा त्यस्तो परिवेशमा आफूले खेल्नुपर्ने भूमिका एवम् गर्नुपर्ने अभ्यासका बारेमा सिर्जनात्मक रूपमा सोच्ने र प्रतिविम्बन गर्नसक्ने क्षमतामा निर्भर हुने गर्दछ।

### पाठ्यक्रमले आफैले प्रतिपादन गरेको कुरा अभ्यास गर्दैन

समावेशी शिक्षाबारे सिक्ने विभिन्न तरिकाहरूमध्ये यसैको अनुभव गर्ने तरिका उत्तम तरिका हो। दुर्भाग्यवश विद्यार्थी शिक्षकहरूलाई समावेशी शिक्षाबारे ज्ञान दिन त्यस्तो विधिको प्रयोग गरिन्छ जुन समावेशी शिक्षाका अवधारणा भन्दा धेरै टाढा छन् (जस्तैः शिक्षक केन्द्रित व्याख्यान विधिको प्रयोगबाट) शिक्षक शिक्षा पाठ्यक्रममा समावेशी शिक्षाबारे पर्याप्त पाठ्यवस्तु (सन्देश) हुन सक्दछन् तर पाठ्यक्रमका यी पाठ्यवस्तु प्रदान गर्ने विधि वा तरिकाहरू न समावेशी छन् न विद्यार्थी केन्द्रित छन्। पाठ्यक्रमको निर्माण यसरी गरिन्छ कि शिक्षक प्रशिक्षकलाई समावेशी शिक्षण तथा सिकाइ विधिहरूको प्रयोग गर्न हौसला प्रदान गरिन्छ न त प्रशस्त अवसर नै। उनीहरूलाई आफ्ना विद्यार्थी शिक्षकलाई व्यावहारिक अनुभव प्रदान गर्ने विधिको प्रयोग गर्न सहजीकरण पनि गरिँदैन। यदि पाठ्यक्रमले नै प्रदर्शन विधि तथा अभ्यास केन्द्रित सिकाइको प्रयोग गर्न अवसर दिए तापनि शिक्षक, प्रशिक्षकमा यस्तो पाठ्यक्रमलाई अन्तर्क्रियात्मक र समावेशी रूपमा अध्यापन गर्न आवश्यक सिप र अनुभवको अभाव हुने सम्भावना धेरै नै छ। यसो हुनाको कारण शिक्षाको धरातलीय यथार्थबाट शिक्षक प्रशिक्षकहरू अक्सर टाढै रहनु हो।

त्यसैगरी, पाठ्यक्रममार्फत विद्यार्थी शिक्षकहरूको प्रगतिको मूल्याङ्कन गर्ने विधि पनि परीक्षा, लिखित पत्रहरूजस्ता तरिकामा मात्र सीमित रहेको हुन सक्दछ। यस्तो मूल्याङ्कन पद्धति समावेशी शिक्षाका

सिद्धान्तहरूको प्रतिकूल मात्र नभई विद्यार्थीहरूको समावेशी तरिकाबाट अध्यापन गर्ने क्षमताको आँकलन गर्नसक्ने खालको नभई केवल सैद्धान्तिक बहसको पुनरुत्पादन गर्ने क्षमताको मात्र मापन गर्ने खालको हुन जान्छ । (शिक्षक शिक्षा विधिका मुद्दाहरूलाई विस्तृत रूपमा पैरवी निर्देशिका - ५ मा छलफल गर्ने छौं ।)

आफ्नो सन्दर्भमा अवस्थाको विश्लेषण गर्न सघाउनका लागि तपाईंले निम्न प्रश्नहरू सोध्न सक्नुहुनेछ :

- के कति समय (आफ्नो समयको कति प्रतिशत) विद्यार्थी शिक्षकहरूले व्याख्यानमा, अन्य शिक्षक/एक आपसको कक्षा अवलोकन गर्न वा अभ्यास शिक्षण वा नियमित कक्षाहरूमा कक्षाहरूमा शिक्षण गरी बिताउँछन् ?
- के कक्षाकोठाहरू/विद्यालयमा प्रयोगात्मक कक्षाहरूको सञ्चालन पाठ्यक्रमकै एकीकृत, अभिन्न र अनिवार्य अंशका रूपमा लिइएको छ ?
- कसरी अभ्यास-केन्द्रित सिकाइको मूल्याङ्कन गरिन्छ ? के यसले पाठ्यक्रममा सिद्धान्त-केन्द्रित सिकाइको मूल्याङ्कनकै समान भार प्राप्त भएको छ ?
- पाठ्यक्रमको के कति अंश प्रतिविम्बित अभ्यास र समस्या समाधानमा केन्द्रित छ ? यो अभ्यास परम्परागत तथ्यहरूको घोकाइ प्रथाविपरीत छ ?
- कसरी पाठ्यक्रमले विद्यार्थी शिक्षकहरूमा समस्या समाधान गर्ने सिपको विकासलाई प्रवर्धन गर्दछ ?

## पैरवी उद्देश्यहरू

**पाठ्यक्रम पैरवी सन्देश - ६**

***"शिक्षक शिक्षा पाठ्यक्रमको मुख्य जोड अभ्यास - केन्द्रित सिकाइमा हुनुपर्दछ ।"***

समावेशी शिक्षालाई कुशल शिक्षण सिकाइका विभिन्न पक्षहरूलाईजस्तै सिद्धान्त केन्द्रित दृष्टिकोणबाट मात्र प्रभावकारी शिक्षण गर्न सकिँदैन । तसर्थ, शिक्षक शिक्षा पाठ्यक्रमको निर्माण र कार्यान्वयन यसरी गर्न जरुरी छ कि विद्यार्थी शिक्षकहरूले निम्न कुराहरू गर्न सक्षम हुनुपर्दछ:

- अनुभवी शिक्षकहरूसँगको छलफल र कक्षा अवलोकन गरी समावेशी र वहिष्करणका मुद्दाहरू, जुन अवलोकन र छलफलका आधारमा उठेका छन्, तिनको बारेमा प्रतिविम्बन गर्ने । यस्ता अनुभवी शिक्षकको खोजका लागि विशेष प्रयत्न गर्नुपर्ने हुन्छ । यस्ता शिक्षकका प्रदर्शनयोग्य अभ्यासहरू तथा अनुभवजन्य उपयोगी कथाहरू पारस्परिक विनिमयका लागि उत्तम हुन्छन् । सुरुमा आफ्ना कस्ता अनुभवहरू बाँड्ने र कुन तरिका वा विधिको प्रदर्शन गर्ने भन्ने बारेमा प्रतिविम्बन गर्न केही सहयोगको जरुरत पर्न सक्दछ ।
- विविधता भएका सिकारुहरूको आवश्यकतालाई सम्बोधन गर्ने र समस्या समाधान गर्ने सिपहरूको विकासमा जोड दिने खालको व्यापक शिक्षण अभ्यासको सञ्चालन गर्ने । अभ्यास शिक्षणलाई सम्बद्ध र प्रभावकारी बनाउन चुनौतीहरू भएमा पाठ्यक्रमलाई अभ्यासात्मक व्यावहारिक अनुभवहरूमा आधारित बनाउने, मिडियामा आधारित सिकाइमा जोड दिने र मुख्य सिपहरू सिक्ने अवसरहरूमा केन्द्रित बनाउनुपर्दछ । (उदाहरणका लागि सिर्जनात्मक कला परियोजनामार्फत अपाङ्गता भएका व्यक्तिहरूसँग काम गर्न सिक्ने अर्को पानामा दिइएको कम्बोडियाको उदाहरण हेर्नुहोस्)
- शिक्षण अभ्यास गर्दा एक आपसका कक्षाहरू अवलोकन गर्ने र के कुरा समावेशी भयो र कुन कुन कुराहरूलाई बढी समावेशी बनाउन सकिन्थ्यो भन्ने कुरामा समालोचनात्मक प्रतिविम्बन गर्ने र
- समावेशिता र वहिष्करणका मुद्दाहरूमा सम्बन्धित कार्यमूलक अनुसन्धान परियोजनाहरूमा संलग्न हुने, विद्यार्थी शिक्षकहरूलाई भविष्यमा पनि उपयोगी हुने प्रयोगात्मक सिपहरू सिक्न सहयोग गर्ने,

यस्ता व्यावहारिक सिपहरू उनीहरूले काम गर्दा उपयोगी हुने हुन्छन्, साथै प्रारम्भिक काम गर्दा उपयोगी हुन्छन् साथै उनीहरूको पाठ्यांशको अनुसन्धानात्मक आवश्यकतालाई समेत पूर्ति गर्ने गरी सञ्चालन गर्ने ।

**पाठ्यक्रम पैरवी सन्देश - ७**

***शिक्षक शिक्षा पाठ्यक्रमले विद्यार्थी शिक्षकहरूलाई समावेशी शिक्षाका सिद्धान्तहरू र शिक्षणको यथार्थताबिचको सम्बन्ध बुझ्न आवश्यक सहयोग गर्नुपर्दछ ।***

पाठ्यक्रमको मुख्य जोड विद्यार्थी शिक्षकहरूलाई समावेशी शिक्षाका सिद्धान्तहरू र विद्यालय कक्षाकोठा एवम् समुदायमा हुने यथार्थता बिचको सम्बन्ध पहिल्याउने र बुझ्ने काममा सहयोग गर्ने हुनुपर्दछ । सैद्धान्तिक पाठहरू र प्रयोगात्मक पाठहरूलाई एक आपसमा छुट्याएर अलगअलग रूपमा सञ्चालन गर्नु हुँदैन किनकि यी दुबै प्रकारका सिकाइले एकापसको परिपूरण गर्नुपर्दछ। विद्यार्थी शिक्षकहरूले कसरी एउटा सिद्धान्तले यथार्थतामा आफूलाई चित्रण कसरी गर्दछ भन्ने कुरा बुझ्न र प्रत्यक्ष अनुभव गर्न आवश्यक छ । साथै, आफ्ना प्रयोगात्मक अनुभवहरूलाई आफूले सिकेका सिद्धान्तहरूसँग जोडेर विश्लेषण गर्न सक्नुपर्दछ ।

अन्त्यमा, शिक्षक प्रशिक्षकहरूले पाठ्यक्रम प्रदान गर्दा प्रयोग गर्ने शिक्षण र सहजीकरणका तरिकाहरू पाठ्यक्रमलाई समावेशी र सिकारु केन्द्रित हुनुपर्दछ। हामीले यस बारे विस्तृत रूपमा पैरवी निर्देशिका ५ मा छलफल गर्नेछौँ ।

## कम्बोडियाबाट उदाहरण

***पूर्वसेवाकालीन शिक्षक शिक्षामा व्यावहारिक तत्त्वहरूलाई समायोजन गर्न सिर्जनात्मक साझेदारी***

कम्बोडियाको कामपोटमा रहेको एक शिक्षक तालिम कलेज र एक गैर सरकारी संस्था, इपिक आर्ट्सबिच गरिएको सहकार्यले विद्यार्थी शिक्षकलाई अपाङ्गतासम्बन्धी बुझाइको विकास गर्न, अपाङ्गता भएका विद्यार्थीहरूसँग अन्तर्क्रिया गर्न  र आफ्नो अनुभवका लागि परानुभूति प्राप्त गर्न सहयोग गर्ने लक्ष्य लिएको थियो । यस सहकार्यले उनीहरूलाई कक्षाकोठामा सबैलाई संलग्न गर्न उपयोगी हुने खेल र अन्य क्रियाकलापहरूबारे सिक्ने मौका प्रदान गर्‍यो । इपिक आर्ट्स संस्थाद्वारा स्थानीय समुदायलाई लक्षित गरी अपाङ्गतासम्बन्धी एउटा नाटकको निर्माण गरिरहेको बारेमा कलेज सचेत रहेको थियो । कलेजका उपनिर्देशक, कलेजमा भीएसओ शिक्षा सल्लाहकारका रूपमा रहेका स्वयम् सेवक र इपिक आर्ट्सका कर्मचारीहरू विद्यार्थी शिक्षकहरूका लागि संयुक्त रूपमा सहकार्य गर्न जुटे ।

यस कलेज वा गैर सरकारी संस्थालाई आफ्नो व्यस्त कार्ययोजनाका कारण थप क्रियाकलापका लागि समय छुट्याउनु सजिलो कुरा थिएन । यसको बाबजुद उनीहरूले प्रथम र दोस्रो वर्षका विद्यार्थी शिक्षकहरूलाई आधा दिनको बैठकमा सहभागी हुने प्रबन्ध मिलाए ताकि उनीहरूले अपाङ्गता भएका सिकारुसँग काम गर्ने अनुभव हासिल गरुन् । यसरी प्राप्त अनुभवलाई पछि कक्षाकोठामा निर्णय लिनका लागि उपयोग गर्न सजिलो होस् भन्ने नै हो ।

तालिमपूर्व र तालिमपश्चात् गरिएका प्रश्नावलीहरूले विद्यार्थी शिक्षकलाई आफ्नो सिकाइ, धारणा र

अपाङ्गता भएका सिकारुसँग उपयोग गरिएका प्रयोगात्मक क्रियाकलापहरूबाट आएका परिवर्तनहरूको तुलना गर्न सक्षम बनाएको थियो । उनीहरूले अपाङ्गता भएका सिकारुले शैक्षिक समस्याहरूभन्दा बढी सामाजिक समस्याहरू (जस्तै : गाली गलौज, अपमान) भोग्नुपर्ने रहेछ भन्ने अनुभूत गरे । उनीहरूले अपाङ्गता भएका सिकारु कक्षाकोठामा कसरी सहभागी हुन सक्दछन् भन्ने नयाँ विचारहरू पनि ल्याए ।

विद्यार्थी शिक्षकहरूले के पनि कि यस्ता विचारहरू ल्याउन उनीहरूले अपाङ्गता भएका सिकारुसँग काम गर्दाको सिकाइ उपज भएको बताए ।

यस्तो सहकार्यलाई निरन्तरता दिने योजनाहरू बनाइए जसले गर्दा प्रथम वर्षका विद्यार्थी शिक्षकहरूले अपाङ्गता भएका सिकारुसँग काम गरेर व्यावहारिक एवम् सिर्जनात्मक अनुभव हासिल गर्न सक्षम भए । यसले विद्यार्थी शिक्षकहरूलाई सांकेतिक भाषासमेत सिक्न सल्लाह दियो जसले गर्दा कलेज र इपिक आर्ट्सले कलेजमा सन्ध्याकालीन कक्षाहरू संचालन गर्न साङ्केतिक भाषा शिक्षक खोज्ने व्यवस्था मिलाउन सहमत भए ।[१४]

## मोजाम्बिकबाट उदाहरण

***विद्यार्थीहरूलाई आफ्नो सैद्धान्तिक सिकाइलाई विद्यालय समुदायको यथार्थसँग जोड्न सहयोग गर्ने ।***

मोजाम्बिकको इनहामवाने प्रान्तमा रहेको पेडागोगिकल विश्वविद्यालयले समावेशी शिक्षामा एक पूर्वपरीक्षण गरिरहेको थियो । यस पूर्वपरीक्षणलाई भिएसओका स्वयंसेवक शिक्षक प्रशिक्षकले नेतृत्व गरेका थिए । सो पूर्वपरीक्षणमा छानिएका विद्यार्थी शिक्षकहरू अंग्रेजी विषयमा प्रथम वर्षमा अध्ययनरत थिए । उक्त पाठ्यांश उनीहरूलाई समावेशी शिक्षाका बारेमा अनुभव हासिल गरेर सिक्नका लागि निर्माण गरिएको थियो । त्यसैले यो परीक्षणभर नै शिक्षक प्रशिक्षकहरूले सहभागितामूलक तथा क्रियाशील सिकाइ विधिहरू प्रयोग गरेका थिए ।

समावेशी शिक्षाको उक्त पाठ्यांशमा सुरुका केही कक्षाहरूमा सचेतना जगाउने र बाल अधिकारमा जोड दिइएको थियो । उक्त कक्षाहरूमा विद्यार्थी शिक्षकहरूले आफ्नो समुदाय र त्यहाँका मानिसहरूको धारणाहरू बारेमा तुरुन्तै सोच्न र छलफल गर्न सुरु गरेका थिए । धेरैजसो यी विद्यार्थी शिक्षकहरू स - साना गाउँबाट आएका हुनाले उनीहरू एक आपसमा परिचित थिए । र उनीहरूलाई विद्यालय नजाने बालबालिकाको बारेमा जानकारी भएको देखिन्थ्यो । यस्ता विद्यालय नजाने बालबालिकाहरूमा अपाङ्ग बालबालिकाहरू, घरमा काम गर्ने बालिकाहरू र त्यस्ता बालबालिकाहरू जसका आमाबुवालाई शिक्षाको महत्त्वबारे मतलबै थिएन । यो एउटा ठूलो समस्याका रूपमा रहेको कुरा विद्यार्थी शिक्षकहरूले अकस्मात् महसुस गरे र उनीहरूले यसअघि यसको बारेमा कहिल्यै सोचेका थिएनन् । उनीहरूले आफैमा पहिला किन सोचिएन भनेर प्रश्न गरे । ती विद्यार्थी शिक्षकहरूले यसबारे थप खोज गर्ने र यस्ता बालबालिकाले भोगेका शिक्षासम्बन्धी चुनौतीहरू पत्ता लगाउने र ती चुनौतीका समाधानका उपायहरू समाधानका उपायहरू के हुन सक्छन् भन्ने निर्णय गरे । यसर्थ यसै पाठ्यांशभित्र कार्यमूलक अनुसन्धानका क्रियाकलापहरू समावेश गर्ने योजना राखियो ।

उनीहरूले यस्ता सचेतना जगाउने क्रियाकलापहरू पहिले आफ्नै विश्वविद्यालय र त्यसपछि वरिपरिका

विद्यालयहरूमा कार्यान्वयन गर्ने निर्णय गरे । उनीहरूको सोच सचेतना जगाउनुका साथै त्यसमा रहेका बाधक तत्त्वहरूको पहिचान गर्नु रहेको थियो । उनीहरूले त्यस क्षेत्रमा रहेका गैर सरकारी संस्था र अन्य सरोकारवालाहरूसँग मिलेर तहगत तालिममार्फत त्यस क्षेत्रमा रहेका अपाङ्गता भएका मानिसहरूलाई सचेत गराउने काम गरे । प्रत्येक समुदायमा अभिभावक बैठक गराइयो र बालबालिकाका अधिकार र समावेशी शिक्षाबारे जानकारी प्रदान गरियो । तथापि कार्यमूलक अनुसन्धान प्रक्रियाको प्रथम पुनरावलोकनको अवस्थामा विद्यार्थी शिक्षकहरूले बालबालिका र अभिभावकहरूलाई प्रारम्भिक योजना चरणमा सहभागी नगराइएको कुरा महसुस महसुस गरे, फलस्वरूप त्यस्ता क्रियाकलापहरूमा उनीहरूको पर्याप्त आवाज रहन सकेन । चर्चको सहभागितालाई छुट्टाउने कार्य पनि संशोधन गर्नुपर्ने विषयका रूपमा पहिचान गरियो । विद्यार्थी शिक्षकहरूले उनीहरू सही बाटोमा हिँड्नुको सट्टा दौडिने प्रयास गरेको महसुस गरे । उनीहरूको सोच विचार सराहनीय थियो तर योजना निर्माणमा अझ बढी चिन्तनको आवश्यकता थियो । सम्पूर्ण प्रक्रियालाई पुनः सुरुवात गर्नुपर्ने भयो तर यस पटक भने सामुदायिक बैठकहरूबाट काम सुरु भयो जहाँ आ-आफ्ना विचारहरू राखे । यसको मुख्य उद्देश्य यस प्रान्तभर सचेतना जागरण गर्नका लागि साथ वा सहयोगको सञ्जाल निर्माण गर्नु थियो ।

विद्यार्थी शिक्षक तथा कर्मचारी बैठकमा विचार र रणनीतिहरूबारे छलफल गरी विश्वविद्यालयलाई निरन्तर पृष्ठपोषण प्रदान गरिएको थियो। विद्यार्थी शिक्षकहरूले निरन्तर रूपमा सचेतना जगाउने क्रियाकलापहरूको पुनरावलोकन गरिरहेका थिए। यसले आखिरमा समावेशी शिक्षामा सम्मेलनको सहजीकरण गर्‍यो जसमा मापुतोमा रहेको भ्रातृ विश्वविद्यालयका विद्यार्थी शिक्षकहरूलाई आमन्त्रण गरिएको थियो। पूर्वपरीक्षणमा कार्यमूलक अनुसन्धानको योजना गर्दा यस पक्ष (योजना) लाई आवश्यक जोड दिइएको थिएन। शिक्षक प्रशिक्षले विद्यार्थी शिक्षकहरूमा थोरै मात्रामा भए पनि यस्तो अभिरुचि देखाएको कुरा जानकारी राखे। त्यसैले उनले पाठ्यक्रमलाई लचकतापूर्वक पुनर्संरचित गरिन् ताकि विद्यार्थी शिक्षकलाई कार्यमूलक अनुसन्धानका सिपहरूको विकास गर्न आफ्नो अभिरुचि उपयोग गर्नसक्ने बनाउन सकियोस्। यस लचकतासँगसँगै कसरी समावेशी शिक्षाका सिद्धान्तहरू स्थानीय विद्यालय तथा समुदायहरूको यथार्थसँग जोडिएको हुन्छ भन्ने कुराको सिकाइ पनि हुने र यसले गर्दा समुदायलाई पनि शैक्षिक सुधार गर्ने काममा संलग्न हुन सक्षम बनायो। यस प्रवर्तनात्मक नौलो पूर्वपरीक्षणको परिणामस्वरूप सो पाठ्यांशलाई सागराडा फेमिलिया विश्वविद्यालयको शिक्षक तालिम कार्यक्रममा समावेश गरिएको छ। साथै विश्वविद्यालयको वार्षिक कार्य योजनाअन्तर्गत नै समावेशी शिक्षाको सम्मेलन एक अंशका रूपमा रहेको छ।

"सबैले कक्षामा उक्त पाठ्यांसश बारे आफ्ना विभिन्न विचारहरू र व्यावहारिक परिवर्तन भएको कुरा व्यक्त गरे। उक्त कक्षामा खुला रूपमा आफ्ना विचार राख्न पाइन्थ्यो कुनै बन्देज थिएन र हामीहरूले हाम्रो समाजका विभिन्न स्थितिहरू कस्ता रहेछन् भनेर छलफल गर्न सक्दथ्यौँ। त्यसै गरी कसरी बालबालिकाहरू समाजमा लुकाइएका हुन्छन् जस्ता विषयमा पनि खुला छलफल हुन्थ्यो। हामीले कसरी परिवर्तन ल्याउन सहयोग गर्न सक्छौँ भन्ने बारे पनि छलफल गर्‍यौँ। मुख्यतः समाजका मानिसका आँखा खोल्नेबारे छलफल गर्‍यौँ ताकि उनीहरूले समावेशिताका लागि मद्दत गर्न सकून्। हामी सबैलाई थाहा भयो कि समुदायलाई समेत संलग्न गर्नु अत्यन्तै महत्त्वपूर्ण कुरा हो। (जोअना क्यारोलिना जाइमी - विद्यार्थी

चुनौती -४

# क्षमताको विकास र पाठ्यक्रममा विज्ञताको विकास तथा कार्यान्वयन

## अवस्थाको विश्लेषण

**शिक्षक शिक्षा पाठ्यक्रम निर्माताहरूमा विज्ञताको कमी हुन सक्दछ :**

शिक्षक शिक्षा पाठ्यक्रमको निर्माणबाट विद्यार्थी शिक्षकहरूलाई तयार पार्ने काम तथा समावेशी शिक्षाका लागि सिद्धान्त र अभ्यासबिचको प्रभावकारी सन्तुलन कायम गर्ने कामका लागि पाठ्यक्रम निर्माताहरूमा समावेशी शिक्षाको उच्च स्तरीय ज्ञान र व्यावहारिक अनुभवको आवश्यकता पर्दछ ।

सरकारी स्तरमा भएका पाठ्यक्रम विकास गर्ने निकायहरू र शिक्षक शिक्षा संस्थाहरूमा समावेशी शिक्षाका लागि चाहिने सैद्धान्तिक ज्ञान र व्यावहारिक अनुभवबिचको सन्तुलन कायम नभएको पाइन्छ । विशेष आवश्यकता शिक्षामा विज्ञता हासिल गरेका विभिन्न हुन सक्दछन् र साथै अपाङ्गता भएका सिकारुहरूलाई शिक्षण गर्नका लागि आवश्यक छुट्टै पाठ्यक्रमको विकास गरिएको हुन सक्दछ । तर यो विज्ञता शिक्षक शिक्षा पाठ्यक्रमभरी समावेशी शिक्षाका सम्पूर्ण मुद्दाहरूलाई कसरी एकीकृत गर्न सकिन्छ भन्ने दक्षतामा विकसित भइ नसकेको हुन्छ ।

**पाठ्यक्रम विकासका लागि सहभागितामूलक र समावेशी प्रक्रियाको कमी**

राष्ट्रिय वा संस्थागत स्तरमा भएका पाठ्यक्रम विकास समूहमा अपाङ्ग र साङ्ग महिला र पुरुषहरू, विभिन्न जातीय, भाषिक र धार्मिक समूहहरूको विविध प्रतिनिधित्व भएको छैन । यस्ता विविध समूहको सहभागिता र प्रतिनिधित्वविना समावेशी शिक्षाका मुद्दाहरूलाई ठिकसँग सम्बन्धित गर्न पाठ्यक्रम विकास गर्ने समूहलाई चुनौतीपूर्ण हुन्छ । साथै यस्तो सहभागितामूलक नभएको प्रक्रियाबाट बन्ने पाठ्यक्रमबाट शिक्षक, प्रशिक्षक र विद्यार्थी शिक्षकहरूलाई स्थानीय रूपमा उपयोगी जानकारी र सिकाइ अवसरहरू प्रदान गर्न सहज हुँदैन । यसले गर्दा समावेशी शिक्षाका मुद्दाहरूलाई सजिलै बिर्सन सकिन्छ ।

पाठ्यक्रम विकास समूहहरूको गठनमा देखिएको उपर्युक्त मुख्य कमजोरीका साथै यसरी कम समावेशी ढङ्गबाट गठन हुने पाठ्यक्रम विकास समूहहरूले शिक्षा सरोकारवालाहरूसँग नियमित रूपमा परामर्श गरी शिक्षक शिक्षा पाठ्यक्रमको विकासमा परिमार्जन प्रक्रिया अगाडि बढाउँदैनन् । शिक्षक शिक्षा पाठ्यक्रमलाई समय सन्दर्भ सापेक्ष बनाउन सरोकारवालाहरूसँगको परामर्शले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । किनकि यस्तो पाठ्यक्रमले सिकारु समूहहरूले भोग्ने शैक्षिक मुद्दाहरूलाई सम्बोधन गर्न सहयोग गर्दछ । यिनै समूहहरूसँग विद्यार्थी शिक्षकले अन्ततः काम गर्नुपर्ने हुन्छ । विशेषतः यस्ता परामर्शहरू त्यसबेला बढी महत्त्वपूर्ण हुन्छन् जब पाठ्यक्रम निर्माणको प्रक्रियालाई केन्द्रिकृत गरिएको हुन्छ । शिक्षक प्रशिक्षकले यसलाई स्थानीय रूपमा पछि समायेजन गर्ने कमै सम्भावना रहन्छ ।

**पाठ्यक्रम कार्यान्वयन गर्ने शिक्षक प्रशिक्षकमा विज्ञताको कमी**

केन्द्रमा विकास गरिएको समावेशी शिक्षक शिक्षा पाठ्यक्रमको अनुपस्थितिलाई बाधकका रूपमा हेरिनु हुँदैन । शिक्षक शिक्षा संस्थाहरूमा समावेशी शिक्षाका सन्देश र अनुभवहरूलाई शिक्षक कर्मचारीहरूको काममा समायोजन गर्ने र पाठ्यक्रमलाई अनुकूल गर्ने क्षमता भएमा केन्द्रीय पाठ्यक्रम नहँदा पनि समस्या हुँदैन । तर विडम्वना धेरैजसो शिक्षक प्रशिक्षकहरूमा यो क्षमता पाइँदैन किनकि उनीहरूमा समावेशी शिक्षाको प्रत्यक्ष अनुभव (र दृढ विश्वास) को अभाव रहन्छ । अथवा उनीहरू शिक्षाका नयाँ विचारहरूसँग परिचित नभएका हुन सक्दछन् र उनीहरूले त्यसरी नै अध्यापन गरे जसरी उनीहरूलाई गुरुहरूले पढाए, सिकाए ।

तपाईंले आफ्नो सन्दर्भमा अवस्थाको विश्लेषण गर्न सघाउन निम्न प्रश्नहरू सोध्न सक्नुहुनेछ :

- शिक्षक शिक्षालाई निर्देशित गर्ने पाठ्यक्रमको निर्माण कसले गर्दछ ? यस्ता निर्माताहरूमा समावेशी शिक्षाबारे के - कस्तो व्यावहारिक वा प्रयोगात्मक अनुभव छ ?
- के तपाईंको ठाउँमा पाठ्यक्रम निर्माण गर्ने समूह वा विभाग छ ? के तिनीहरूले देशमा भएका विविध समूहहरूको प्रतिनिधित्व गर्दछन् ? पाठ्यक्रम विकास गर्ने समूह वा विभागमा कसको प्रतिनिधित्व भएको छैन ?
- के शिक्षक शिक्षा पाठ्यक्रममा सरोकारवालाहरूको दृष्टिकोण समावेश गर्ने प्रक्रिया अवलम्बन गरिन्छ ? यदि छ भने को - को समावेश गन्छिन् ? कसरी समावेश गरिएका छन् ?
- के शिक्षक प्रशिक्षकहरूलाई विद्यार्थी शिक्षकहरूका सिकाइ आवश्यकताको सम्बोधन हुने गरी पाठ्यक्रमलाई अनुकूल बनाउन दिइन्छ ? के उनीहरूले आफ्ना नयाँ विचारहरू समावेश गर्न पाउँछन् ? के उनीहरूमा यसो गर्ने सिप एवम् आत्मविश्वास छ ?
- पाठ्यक्रम विकास र अनुकूल गर्ने व्यक्ति वा संस्थाका लागि तपाईंको देशमा के - कस्ता सन्दर्भ सामग्रीहरू उपलब्ध छन् ?

## पैरवी उद्देश्यहरू

**पाठ्यक्रम पेरवी सन्देश - ८**

***समावेशी शिक्षामा वर्तमान परिवेशको ज्ञान र प्रयोगात्मक अनुभव भएका शिक्षक शिक्षा पाठ्यक्रम निर्माताहरूको छनोट गर्नुपर्दछ । यी पाठ्यक्रम निर्माताहरूलाई निरन्तर तालिम प्रदान गर्नुपर्दछ र पाठ्यक्रम विकास प्रक्रियाभर नै यी निर्माताहरूलाई सरोकारवालाहरूसँग परामर्श गर्ने प्रेरित गर्नुपर्दछ ।***

राष्ट्रिय वा संस्थागत तहमा भएका शिक्षक शिक्षा पाठ्यक्रम निर्माण गर्ने निमार्ताहरू 'पूर्वचिन्तक' हुनु आवश्यक छ । उनीहरूले समावेशी शिक्षालाई व्यापक पद्धतिगत परिवर्तन र व्यक्तिगत सिकारुको सहयोगका रूपमा बुझ्नु आवश्यक छ । उनीहरूले समावेशिता, समानता र अधिकारसम्बन्धी मुद्दाहरूलाई शिक्षक शिक्षामा एकीकृत गर्ने तरिकाका बारेमा जानकारी राख्न र प्रवर्तकका रूपमा काम गर्न आवश्यक पर्दछ । शिक्षक प्रशिक्षकहरूले शिक्षक शिक्षा र समावेशी शिक्षामा हुने विकासलाई निरन्तर रूपमा खोज गर्नुपर्दछ र शिक्षक शिक्षा पाठ्यक्रमलाई सुधार गर्न कसरी उपयुक्त नयाँ विचारहरूलाई अनुकूल बनाउन सकिन्छ भनेर प्रतिविम्बन गर्नुपर्दछ । तसर्थ शिक्षक कर्मचारीसँग सम्बन्धित मुख्य मुद्दाहरू निम्नानुसार हुन्छन् :

- उपयुक्त अनुभव भएका, विद्वान् र सिर्जनात्मक क्षमता भएका शिक्षक कर्मचारीलाई पाठ्यक्रम विकास समूहहरू विभागका लागि छनोट गर्ने,
- विविधता भएका सदस्यहरू (अपाङ्गगता भएका वा नभएका पुरुष महिला, विभिन्न भाषिक र अन्य पृष्ठभूमि भएका र सहरी र गाउँको पृष्ठभूमि भएका) लाई पाठ्यक्रम विकास समूहहरू तथा विभागहरूमा प्रतिनिधित्व गराउने,

- पाठ्यक्रम विकास समूहहरू तथा विभागहरूको गठन र कार्य सम्पादनको निरन्तर पुनरावलोकन गर्ने र सिप एवम् अनुभवहरूमा पहिचान गरिएको अन्तरलाई पूर्ति गर्न सक्रिय रूपमा कर्मचारीको खोजी गर्ने, र
- पाठ्यक्रम निर्माताहरूलाई समावेशी शिक्षालाई सम्बोधन गर्ने समावेशी वा सहभागितामूलक शिक्षण तथा सिकाइ विधिहरू अँगाल्ने शिक्षा कार्यक्रम छ र सिद्धान्तबाट मात्र नसिकी समावेशी शिक्षा वातावरण भएका ठाउँमा भ्रमण गर्ने अवसर छ भन्ने सुनिश्चित गर्ने ।

मुख्य प्रक्रियागत मुद्दाहरूमा निम्न कुराहरू पर्दछन् :

- पाठ्यक्रम विकास समूहले शिक्षण र शिक्षक शिक्षाबारे सरोकारवालाहरूको विचार लिनुपर्ने कुराको महत्त्व तथा उपयुक्तता बुझ्ने र यस्तो परामर्श लिने वा सहजीकरण गर्ने आवश्यक सिप छ भन्ने सुनिश्चित गर्ने,
- सहज पहुँचमा हुने साधनहरूको विकास गरी सरोकारवालाहरूको विचारलाई समेट्ने (जस्तै : प्रतिनिधि सल्लाहकार समूहबाट वा लक्षित समूह छलफलबाट), र
- सरकार तथा शिक्षा मन्त्रालयद्वारा शिक्षक शिक्षा पाठ्यक्रम निर्माताहरूको कार्य सम्पादनको अनुगमन गर्ने जसले गर्दा उनीहरूले आफ्नो कार्यमा सरोकारवालाहरूको दृष्टिकोण खोजेका, त्यसलाई आदर गरेका र त्यसको उपयोग गरेका छन् भन्ने सुनिश्चित हुनुपर्ने ।

### पाठ्यक्रम पैरवी सन्देश - ९

"नयाँ शिक्षक प्रशिक्षकहरूको छनोट प्रक्रियामा समावेशी शिक्षाको ज्ञान र अनुभवहरू भएका व्यक्तिलाई समावेश गर्नुपर्दछ । सबै नयाँ तथा कार्यरत शिक्षक प्रशिक्षकहरूमा समावेशी शिक्षाका लागि निरन्तर पेसागत विकास आवश्यक पर्दछ ।"

शिक्षक प्रशिक्षकहरूले समावेशी शिक्षक शिक्षाका बारेमा बुझ्नु र तदनुरूप अध्यापन गर्नुपर्दछ । त्यसरी नै शिक्षक शिक्षा पाठ्यक्रमअनुकूल बनाउनु आवश्यक छ । तसर्थ शिक्षक प्रशिक्षकहरूको नियुक्ति वा छनोट गर्दा कम्तीमा पनि समावेशिता, समानता र अधिकारका सिद्धान्तबारे जानकारी भएका (सिक्न सक्ने क्षमता र प्रतिबद्धता भएका) व्यक्तिहरूको छनोट गर्नुपर्दछ । नियुक्ति प्रक्रिया गर्दा प्रतिस्पर्धीहरूमा नयाँ विचार दिनसक्ने क्षमता हुनुपर्दछ । यस्ता व्यक्तिको छनोटले गर्दा विद्यार्थीहरूका सिकाइ आवश्यकताको सम्बोधन हुने (जस्तै : सिद्धान्तलाई अभ्यासमा परिणत गर्न विद्यार्थी शिक्षकहरूलाई सहयोग गर्न सकिन्छ । सिकाइलाई यसले प्रत्यक्षत: शिक्षक शिक्षा पाठ्यक्रममा राखेको पाइदैन ।) शिक्षक शिक्षा पाठ्यक्रमका निर्मातालाई जस्तै शिक्षक प्रशिक्षकहरूका लागि पनि निरन्तर पेसागत विकासका कार्यक्रहरूको आवश्यकता पर्दछ ।

यसले गर्दा उनीहरूले समावेशी शिक्षाको अवधारणा बुझ्न, समावेशी शिक्षाको वातावरणसँग प्रत्यक्ष अनुभव हासिल गर्न र समावेशी शिक्षक शिक्षाका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बहसहरूमा संलग्न हुनुपर्ने जस्ता पक्षहरूमा ध्यान दिई शिक्षक प्रशिक्षहरूलाई अद्यावधिक बनाउनुपर्दछ । समावेशी शिक्षालाई जीवनपर्यन्त सिकाइ र पेसागत विकासको एक महत्त्वपूर्ण पक्षको रूपमा लिइनुपर्दछ ।

## भियतनामको उदाहरण

***शिक्षक प्रशिक्षकहरूले समावेशी शिक्षाको प्रभावकारी तालिम दिन सक्ने कुरा सुनिश्चित गर्ने समावेशी*** शिक्षाप्रति नीतिगत प्रतिबद्धता जनाएअनुरूप भियतनाममा शिक्षा तथा तालिम मन्त्रालयले क्याथोलिक रिलिफ सेवासँग समन्वय गरी राष्ट्रिय पाठ्यक्रमको निर्माण गर्‍यो । यस पाठ्यक्रमअन्तर्गत विश्वविद्यालयहरू तथा कलेजहरूका सम्पूर्ण विद्यार्थी शिक्षकहरूले गुणस्तरीय तालिम प्राप्त गर्ने र सोमार्फत समावेशी वातावरणमा शिक्षण गर्न तयार गर्‍यो । तथापि अनुभवी शिक्षक प्रशिक्षकहरूको कमीले गर्दा समावेशी शिक्षाका बारेमा

लिइएको यो कदम पछाडी धकेलिन पुग्यो । यस समस्याका सन्दर्भमा शिक्षक प्रशिक्षकहरूका ज्ञान, प्रयोगात्मक सिप र धारणामा सुधार गर्न थप काम गरियो । यसले गर्दा उनीहरूले उपयुक्त रणनीतिहरू प्रयोग गरी तालिम पाठ्यक्रम प्रदान गरे ।

विभिन्न आठ सहर तथा प्रान्तहरूबाट ४७ जना शिक्षक प्रशिक्षकले शिक्षा मन्त्रालय र क्याथोलिक सेवाका कर्मचारीहरूसँगै ४० घण्टे तालिम लिएका थिए । तालिमले उनीहरूलाई आफूले लागु गर्ने पाठ्यक्रमका बारेमा परिचित गरियो । र अझ यसले वैयक्तिक प्रतिविम्बन, बहस र समावेशी पाठ्यक्रम शिक्षण गर्न आवश्यक शैक्षणिक सिपहरूको अभ्यास गर्ने अवसर दियो ।

यी शिक्षक प्रशिक्षकहरू यसरी तालिम लिएपछि विज्ञका रूपमा आफ्नै वा अन्य शिक्षक संस्थामा काम गर्ने सहकर्मीका लागि स्रोत व्यक्तिका रूपमा सहयोग गर्नसक्ने हुने भए ।

यद्यपि यो सघन तालिमले शिक्षक प्रशिक्षकमा समावेशी शिक्षाप्रति बढी सकारात्मक धारणा विकास गर्न सक्षम तुल्यायो । साथै आफ्नै विद्यार्थी शिक्षकहरूमा सिप विकास गर्न मद्दत गर्‍यो तर पनि शिक्षक प्रशिक्षकहरूले आफूहरूलाई भविष्यमा सहयोग चाहिने मुख्य क्षेत्रहरूको  पहिचान गरे । खास गरी अपाङ्गता भएका बालबालिकासँग काम गर्ने क्षेत्रहरूको पहिचान गरे । तसर्थ थप तालिमका लागि योजना निर्माण गरियो ।

यस उदाहरणले शिक्षक शिक्षा प्रणालीका सबै तहहरूमा क्षमता विकास गर्न कति महत्त्वपूर्ण हुन्छ भन्ने कुरालाई उजागर गर्दछ । शिक्षक प्रशिक्षकहरूलाई तालिम प्रदान गर्ने विज्ञहरू नै समावेशी शिक्षामा सिप नभएका वा कम अनुभवी भएको खण्डमा र शिक्षण कार्यक्रम सहभागितामूलक र सक्रिय नभएमा समावेशी शिक्षाका लागि शिक्षक शिक्षा कार्यक्रम सञ्चालन गर्नुको कुनै तुक रहन्न । [१६]

## नेपालको उदाहरण

### *पाठ्यक्रम विकासमा विविध सरोकारवालाहरूको सहभागिता*

सन् १९९६ मा त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकायले ३ वर्षे बि.एड (स्नातक तह) सुरु गर्‍यो । त्यसपश्चात् शिक्षकहरू र अन्य विज्ञहरूको संयुक्त सहभागितामा शिक्षक शिक्षा पाठ्यक्रमको निर्माण गर्‍यो । सन् २००९ मा अन्य विभिन्न सरोकारवालाहरूको संलग्नतामा आवश्यकता विश्लेषण गरी यस प्रक्रियालाई थप मजबुत बनाइयो । यसले शिक्षक शिक्षा पाठ्यक्रममा समावेशी शिक्षाका सम्भाव्य पाठ्यवस्तुहरू समावेश गर्न अन्तर्दृष्टि प्रदान गर्‍यो । शिक्षाशास्त्र संकायले पहिलो पटक कार्यशालाको आयोजना गरी शिक्षकहरूलाई आफ्नो पाठ्यांशमा प्रयोग गर्न सकिने पाठ्यसामग्रीको निर्माण तथा विकास गर्ने अवसर प्रदान गर्‍यो । यस्तो एकीकृत दृष्टिकोणको अवलम्बनस्वरूप शिक्षकहरूमा पाठ्यक्रमका स्वामित्वको विकास र कक्षाकोठामा गरिने शिक्षण कार्यमा बढोत्तरी हुन सघायो ।

आवश्यकताको विश्लेषणका आधारमा शिक्षाशास्त्र संकायले शिक्षक शिक्षा पाठ्यक्रमको परिमार्जन गर्‍यो । जुन अन्य संकायहरूका लागि समेत प्रेरणाको स्रोत बन्न पुग्यो । पूर्वसेवाकालीन शिक्षक शिक्षा पाठ्यक्रमलाई परिवर्तन गरियो ताकि यसबाट साझा मुद्दाहरूको  (विविधता, जनजातीयता, सुविधाबिहीन समूहहरू, बहुभाषिक शिक्षा, सामाजिक न्याय, अधिकारमा केन्द्रित शिक्षा र समावेशिता)  सम्बोधन गर्न सकियोस् ।

चुनौती-५

# पूर्वाग्रह, चुनौती, असमानता, विभेदपूर्ण अभ्यास र रुढिवादी धारणाहरूलाई चुनौती दिने

## अवस्थाको विश्लेषण

विद्यार्थी शिक्षकहरूले समावेशी शिक्षाका सिद्धान्तहरू र यथार्थताबारे बाह्य सन्देशहरूबाट मात्र सिक्दैनन्, उनीहरूले अध्ययन गर्ने पाठ्यांशको मर्मबाट बढी सिक्दछन् । अर्को शब्दमा भन्नुपर्दा शिक्षक शिक्षा पाठ्यक्रमले रुढिवादी धारणालाई चुनौती दिँदै समतालाई बढावा दिन्छ कि दिँदैन भन्ने कुरा बढी महत्त्वपूर्ण हुन जान्छ ।

शिक्षक शिक्षा पाठ्यक्रमहरू (धेरै विद्यालय पाठ्यक्रमजस्तै) सधैँ पूर्वाग्रहरहित हुँदैनन् । उदाहरणका रूपमा, पाठ्यक्रममा राखिएका पाठ्यसामग्रीहरूले लैङ्गिक रुढिवादीतालाई घटना अध्ययनहरू, उदाहरणहरू वा तस्विरहरूमा निरन्तरता दिएको हुन सक्छ । वा देशको मुख्य (बहुसङ्ख्यक) भाषा वा जनजातीय समूहतर्फ पूर्वाग्रह प्रतिविम्बित भएको हुन सक्छ । (यसका बारेमा विस्तृत रूपमा हामीहरूले पैरवी निर्देशिका ४ मा दिइएको शिक्षक शिक्षा सामग्रीमा अध्ययन गर्ने छौँ ।)

पाठ्यक्रमका विषयवस्तु, क्रियाकलापहरू र संरचनाले केही विद्यार्थी शिक्षकहरूलाई अरुलाईभन्दा बढी लाभ पुर्‍याउन सक्दछन् । उदाहरणका रूपमा केही विषयवस्तु अल्पसङ्ख्यक भाषिक समूहहरूका विद्यार्थी शिक्षकका लागि बुझ्न वा पहुँचका दृष्टिले बढी कठिन हुन सक्दछन् वा त्यस्ता पाठ्यक्रम क्रियाकलापहरू हुन सक्दछन् जुन नितान्त संवेदनात्मक वा शारीरिक असक्तता भएका विद्यार्थी शिक्षकका लागि नभएका हुन सक्दछन् वा पुरुष विद्यार्थी शिक्षकहरू महिला विद्यार्थी शिक्षकहरूसँग भन्दा पुरुष विद्यार्थी शिक्षकसँग नै आफूलाई बढी सहज भएको महसुस गर्न सक्दछन् ।

शिक्षक शिक्षा पाठ्यक्रमले माग गरेको सिकाइ तालिकाले केही व्यक्तिहरूलाई विद्यार्थी शिक्षक बन्नबाट बञ्चित गर्न सक्दछ । उदाहरणका रूपमा सघन पूर्णकालीन अध्ययन निरन्तर काम गरी पैसा आर्जन गर्नुपर्ने गरिब व्यक्तिका लागि उपयुक्त नहुन सक्दछ । त्यसै गरी ती आमाहरू जसले आफ्ना बच्चाको स्याहारसुसारका व्यवस्थाका लागि व्यस्त हुनुपर्दछ, उनका लागि पूर्णकालीन अध्ययन सम्भव नहुन सक्दछ । अर्कातर्फ, धेरै वर्षसम्म लाग्ने लामो त्यस्ता विद्यार्थी शिक्षकका लागि अनुपयुक्त हुन सक्छ जसले सामाजिक वा आर्थिक कारणस्वरूप चाँडै अध्ययन पुरा गरी आफ्नो पेसा सुरु गर्नुपर्ने हुन्छ ।

साधारणतः शिक्षक शिक्षा पाठ्यक्रम र समावेशी शिक्षाका विशिष्ट सन्देशहरूलाई स्पष्ट रूपमा पाठ्यक्रममा एकीकृत गर्नुपर्ने महत्त्वपूर्ण अवसरहरू छुट्न गएका कारण विद्यमान शिक्षक शिक्षा पाठ्यक्रमले बृहत् समाजमा व्याप्त विभेदलाई सम्बोधन गर्न नसकेको देखिन्छ ।

आफ्नो सन्दर्भमा अवस्था विश्लेषण गर्न सघाउन तपाईंले निम्न प्रश्नहरू सोध्न सक्नुहुनेछ :

- के विद्यार्थी शिक्षकहरू र शिक्षक प्रशिक्षकहरूले व्यापक रूपमा राष्ट्रिय र क्षेत्रिय जनसंख्याको प्रतिनिधित्व गर्दछन् ?
- समष्टिमा के शिक्षक शिक्षा पाठ्यक्रम विभिन्न मुद्दाहरू जस्तै : लैङ्गिक समानता, अपाङ्ता, भाषा, जनजातीयता, धर्म र गरिबीप्रति संवेदनशील छ ? यदि छैन भने, विभेदका  के - कस्ता तथ्यहरू छन् ?
- के पाठ्यक्रमको पुनरावलोकन समानता र विभेदीकरणबारे ज्ञान भएका विज्ञहरूबाट गराइन्छ ?
- के शिक्षक प्रशिक्षकहरूलाई पाठ्यक्रममा अहिले पनि रहेका भेदभावहरूलाई पहिचान र समाधान गर्न तालिम र सहयोग प्रदान गरिएको छ ?
- के शिक्षक प्रशिक्षकहरूलाई उनीहरुको आफ्नै मानसिक प्रवृत्ति र मूल्य मान्यताको सामना गर्न र तिनउपर प्रतिविम्बन गर्न अवसर दिइएको छ ?

## पैरवी उद्देश्यहरू

**पाठ्यक्रम पैरवी सन्देश - १०**

***'शिक्षक शिक्षा पाठ्यक्रमलाई गम्भीरतापूर्वक पुनरावलोकन र आवश्यकताअनुरूप परिमार्जन गर्नु आवश्यक छ । खास गरेर विविध सरोकारवालाहरूबाट राय तथा विचार लिएर विद्यमान विभेदीकरणको समाधान गर्नुपर्दछ ।'***

सम्पूर्ण शिक्षक शिक्षा पाठ्यक्रमहरूको विकास र परिमार्जन यसरी गर्नु आवश्यक हुन्छ कि जसले गर्दा समानताको प्रवर्धन गर्न सकियोस् र रुढिवादी धारणा एवम् पूर्वाग्रहसँग जुध्न सकियोस् । यसको अर्थ पाठ्यक्रमका विषयवस्त, सामग्रीहरूको पुनरावलोकन र परिमार्जनका साथै घटना अध्ययन र उदाहरणहरू, चित्र/तस्विरहरू तालिम क्रियाकलापहरू, कार्य संरचना र तालिका निर्माणलाई पनि पुनरावलोकन गरी परिमार्जन गर्नुपर्दछ। यसका अतिरिक्त गैरविभेदीकरणका उच्च मानकहरुका विरुद्धमा रहेका कुनै पनि अंश वा तत्वहरूलाई हटाउने वा परिवर्तन गर्नुपर्ने हुन्छ ।

सबै शिक्षक शिक्षा पाठ्यक्रमको विकास पाठ्यक्रम प्रयोग हुने त्यस्ता क्षेत्रहरुमा त्यस्ता व्यक्तिले गर्नुपर्दछ जसले जनमानस र समुदायको प्रतिनिधित्व गर्दछ। साथै लैङ्गिक समानता, अल्पसांख्यिक भाषाका मुद्दाहरू, जनजातीयता, अपाङ्गता अधिकार र पहुँच तथा यस्तै मुद्दामा दक्ष व्यक्तिहरुबाट पाठ्यक्रम विकास गर्दा सहयोग लिनुपर्दछ । यस्तो अवस्थामा पुनरावलोकन वा पटक - पटक परिमार्जन गर्न लामो र विस्तृत समय लाग्न सक्दछ । ताकि पाठ्यक्रमबाट पूर्वाग्रही तत्त्वहरु हटाइएको र सबै विद्यार्थी शिक्षकमा गैरविभेदीकरणको दृष्टिकोण प्रवर्धन गर्ने अवसरलाई बढावा दिने सुनिश्चितता गर्न सकियोस् ।

**पाठ्यक्रम पैरवी सन्देश - ११**

***'शिक्षक प्रशिक्षकले प्रयोग गर्ने पाठ्यक्रममा कुनै विभेद भएमा त्यसको  पहिचान गर्ने र त्यसलाई चुनौती दिने तरिकाहरु सिकनुपर्दछ ।'***

कुनै पनि शिक्षक शिक्षा पाठ्यक्रमको परिमार्जन वा नयाँ शिक्षक शिक्षा पाठ्यक्रमको विकास गरिए तापनि सो पाठ्यक्रम पूर्ण नहुन सक्छ वा त्यसको प्रयोग हुने हरेक विशिष्ट स्थितिका लागि अनुकूल नहुन सक्दछ। शिक्षक प्रशिक्षकमा यस्तो सिपको विकास हुनु जरुरी छ ताकि उनीहरूले शिक्षक शिक्षा पाठ्यक्रममा भएका त्यस्ता पूर्वाग्रही सन्देशहरु तथा क्रियाकलापहरू आदि पहिचान गर्न सकून् र शिक्षक शिक्षा पाठ्यक्रमबाट पूर्वाग्रही सन्देश, क्रियाकलाप हटाउन वा परिवर्तन गर्न सकून्। साथै उनीहरू शिक्षक शिक्षा पाठ्यक्रममा भएका त्यस्ता चुनौतीहरूलाई तदारुकताका साथ औंल्याउन सक्षम हुनुपर्दछ र विद्यार्थी शिक्षकहरूलाई त्यस्ता विभेदको रोकथाम गर्न शिक्षित गर्नुपर्दछ।

## पैरवीले सकारात्मक प्रभाव पारेको छ भन्ने कसरी जान्ने

पैरवी निर्देशिका - १ मा हामीले उल्लेख गरेअनुरूप पैरवी गर्नका लागि योजना बनाउँदा आफ्नो कामको प्रक्रिया र प्रभावको अनुगमनमा मद्दत गर्न सूचकहरूको विकास गर्नुपर्दछ। यसरी विकास गरिने सटिक सूचकहरू आफ्नो पैरवी उद्देश्यहरूको विस्तृततामा निर्भर हुन्छन्। महत्वपूर्ण रूपमा भन्ने हो भने आफ्नो योजनाअनुरूप सूचकहरूको विकास सहभागी प्रक्रियाबाट गर्नुपर्दछ ताकि त्यस प्रक्रियामा विभिन्न सरोकारवालाहरूलाई सहभागी गर्न सकियोस्।

निम्नलिखित सूचीमा उल्लिखित बुँदाहरूले केही सम्भावित सूचकहरूबारे शिक्षक शिक्षा पाठ्यक्रममा परिवर्तन ल्याउन गरिने पैरवीले शिक्षकहरुलाई राम्रैसँग समावेशी शिक्षाबारे तयार पार्ने भएकाले तलका बुँदाहरुलाई विचार गर्न सके त्यसलाई प्रभावकारी भएको मान्न सकिन्छ :

- सबै शिक्षकहरूले समावेशी शिक्षाबारे सिक्ने तरिकामा सुधार गर्नुपर्छ भन्ने महत्त्वका बारेमा शिक्षा मन्त्रालयका पदाधिकारीहरू बहसमा संलग्न हुन्छन् भने।
- शिक्षा मन्त्रालयले शिक्षक शिक्षाका लागि राष्ट्रिय निर्देशन र मानकहरूको विकास र कार्यान्वयन गर्दछ भने यसले क) समावेशी शिक्षा सम्पूर्ण शिक्षक शिक्षाको एक अभिन्न अङ्गका रूपमा हुनुपर्दछ, ख) कुनै थप तथा छुट्टै समावेशी शिक्षाका पाठ्यांशहरूले समावेशी अवधारणाहरूको बृहत् व्याख्यालाई यथार्थ रुपमा प्रतिविम्बित गर्न सक्नुपर्दछ। (सिकारुहरुको व्यक्तिगत आवश्यकतालाई सहयोग गर्दै प्रणालीगत परिवर्तन ल्याउने दुई धारको प्रक्रियालाई अगाडि बढाउने) र ग) पाठ्यांशहरु जसले विशेषत अपाङ्गता भएका सिकारुहरू वा अन्य सीमान्तकृत समूहका सिकारुलाई सही नाम दिन्छन् (जस्तै : तिनलाई समावेशी शिक्षाको नाम दिनु हुँदैन) यस्ता पक्षहरुका बारेमा प्रक्रियागत परिवर्तनको आह्वान गर्दछ।
- शिक्षा मन्त्रालय र शिक्षक शिक्षा संस्थाहरूले शिक्षक प्रशिक्षकहरू र पाठ्यक्रम निर्माताहरूको छनोटका लागि नियुक्तिका स्पष्ट आधारहरुको विकास गरी कार्यान्वयन गर्नुपर्दछ। यस्ता आधारहरूले नियुक्ति गरिएका शिक्षक प्रशिक्षकहरू र पाठ्यक्रम निर्माताहरूले देशको जनसंख्याको विविधताको प्रतिनिधित्व गर्दछन् भन्ने कुराको सुनिश्चितता गर्नुपर्दछ। साथै उनीहरूले शिक्षक शिक्षाबारे राम्ररी बुझेको, ती अवधारणालाई आदर गर्ने र तिनको कार्यान्वयन गर्नसक्ने हुनुपर्दछ। साथै शिक्षक शिक्षाले समावेशीकरण, समानता र अधिकारलाई जोड दिएको हुनुपर्दछ।
- सुनियोजित तालिम र प्रयोगात्मक ज्ञान दिने कार्यक्रमको विकास कार्यरत तथा नयाँ शिक्षक प्रशिक्षकहरू र पाठ्यक्रम निर्माताहरुका लागि गरिएको हुनुपर्दछ। यस्तो तालिमले दुबैको निरन्तर पेसागत विकास सुनिश्चितता गर्नुपर्दछ।

- शिक्षक शिक्षा संस्थाहरूले विद्यमान पाठ्यांशहरूको पुनरावलोकन प्रक्रियाको थालनी गर्नुपर्दछ ताकि (क) छुट्टै समावेशी शिक्षाका पाठ्यांशहरूले विशेष आवश्यकता वा अपाङ्गता केन्द्रित विषयवस्तु नभई समानता, समावेशीकरण र अधिकारमुखी विषयवस्तुलाई जोड दिएको कुरा सुनिश्चित गरेको ठानिने र (ख) शिक्षक शिक्षाका सबै पाठ्यांशहरूले पूर्ण रूपमा समावेशिताका मुद्दाहरू, समानता र अधिकारका मुद्दाहरु सम्बोधन गरेको हुनुपर्ने ।
- शिक्षक शिक्षा संस्थाहरुले आफ्ना पाठ्यांशहरुको पुनरावलोकनपछि समावेशिता, अधिकार र समानताका विषयवस्तुलाई एकीकृत रुपमा सम्बोधन गर्न पाठ्यांशहरुको परिमार्जन वा नयाँ पाठ्यांशहरु विकास गर्न निर्णयात्मक कदम चाल्नुपर्दछ ।
- शिक्षक शिक्षा संस्थाहरूका निर्देशक र प्रशिक्षकहरूले आफ्नो जिम्मेवारी बहन गर्दै सबै शिक्षकहरुले समावेशी शिक्षालाई ऐच्छिक विषय वा अतिरिक्त पाठ्यांशको रुपमा मात्र छनोट नगरी साझा विषयकै रुपमा अध्ययन गर्नुपर्दछ भन्ने कुराको सुनिश्चितता गर्ने ।
- शिक्षक शिक्षा संस्थाहरूले समावेशी शिक्षासँग सम्बन्धित अनुसन्धानहरूको संख्या र गुणस्तरलाई सुधार वा बढावा दिनुका साथै अन्य अनुसन्धानकर्ताहरूसँग बलियो सम्बन्धको विकास गर्ने । यस्ता अनुसन्धानकर्ताको सम्बन्धबाट उनीहरुले गरेको अनुसन्धानमार्फत शिक्षक शिक्षा पाठ्यक्रमको पुनरावलोकन र सुधारको प्रक्रियालाई मद्दत गर्न सकिन्छ ।
- विद्यार्थी शिक्षकहरूले समावेशी शिक्षालाई एकल वा छुट्टै र सैद्धान्तिक पाठ्यांशहरूको रुपमा मात्र नभई मूल वा साझा विषयका रुपमा अध्ययन गरिरहेको कुरा सुनिश्चित गर्ने ।
- विद्यार्थी शिक्षकरुले धेरैजसो समय शुद्ध सैद्धान्तिक सिकाइ क्रियाकलापमा मात्र सीमित नगरी बढीभन्दा बढी समय प्रयोगात्मक र अवलोकन क्रियाकलापमा बिताउने गर्नुपर्दछ ।
- विद्यार्थी शिक्षकहरू क) समावेशी शिक्षाका सिद्धान्तलाई यथार्थ जीवनका उदाहरणहरूसँग जोडेर व्याख्या गर्न सक्छन् । र ख) आफ्ना अनुभव र अभ्यासलाई समावेशिताका दृष्टिकोणबाट हेर्ने, विचार गर्ने सिपमा पोख्त छन् ।
- विद्यार्थी शिक्षकहरूले तालिममा रहँदा वा विभिन्न शैक्षिक परिवेशमा कार्यसम्पादन गर्दा भोग्ने कुनै पनि भेदभावलाई तदारुकताका साथ सामना गर्न र तिनलाई चुनौती दिने सिप र आत्मविश्वास राख्दछन् ।
- शिक्षकहरूलाई प्रशिक्षित गर्ने सबै पाठ्यक्रमहरु (कुनै पनि विषय, विद्यालय) लैङ्गिक समानता, अपाङ्गता, भाषा, जनजातीयता, धर्म र गरिबीजस्ता विषयहरुप्रति संवेदनशील हुनुपर्दछ । साथै यी पाठ्यक्रमहरुले समाजमा रहेका सबै समूहहरूको समानता र अधिकारका लागि विशेष जोड दिनुपर्दछ ।
- शिक्षकहरूलाई प्रशिक्षण गर्न प्रयोग गरिने सम्पूर्ण पाठ्यक्रमहरूले समावेशी शिक्षाको क्रियात्मकतालाई प्रदर्शन गर्न वा नमुना प्रस्तुत गर्न सक्नुपर्दछ । यस्तो पाठ्यक्रमको निर्माण निरन्तर रुपमा सहभागितात्मक, सक्रिय र सिकारु केन्द्रित शिक्षण र सिकाइ विधिमा जोड दिँदै गर्नुपर्दछ ।

# अनुसूची

यस तालिकामा हामीहरूले प्रत्येक पैरवी सन्देशहरू जुन पाँच ओटा चुनौतीहरुमा समावेश गरिएको छ, तिनका लागि सम्भावित लक्ष्यहरु प्रस्ताव गरेका छौं । यस तालिकामा तपाईले आफ्ना विचारहरू राख्ने ठाउँसमेत दिइएको छ ताकि तिनका बारे आवश्यक पैरवी विधि र माध्यमको प्रयोग गरी तपाइँ आफ्नो सन्दर्भमा लक्षित समूहसम्म (पैरवी) सन्देशहरु पुर्‍याउन सक्नुहुनेछ । तपाइँले अन्य सरोकारवालाहरू र सहकर्मीहरुको परामर्शमा यी विचारहरूको विकास गर्ने लक्ष्य लिनुपर्दछ । पैरवी र तिनका लागि प्रयोग गरिने विधि एवम् माध्यमका बारेमा पैरवि निर्देशिका - १ मा सुझावहरु दिइएको छ ।

| पैरवी सन्देश के हो ? | को - कसलाई यसबारे जान्नु आवश्यक छ ? | के - कसरी तपाईंले यो सन्देश आफ्नो क्षेत्रमा सञ्चार गर्न सक्नुहुन्छ ?<br>*पैरवी निर्देशिका १ मा दिइएको सल्लाहअनुसार यस कोलममा आफ्ना विचारहरु लेख्नुहोस् ।* |
|---|---|---|
| "सबै पूर्वसेवाकालीन शिक्षक शिक्षा संस्थाहरू, विश्वविद्यालयहरू वा कलेजहरूले सम्पूर्ण भावी शिक्षक हरूलाई शिक्षित गर्नु आवश्यक छ ।" | • शिक्षा मन्त्रालयका कर्मचारीहरू जसले शिक्षक शिक्षा नीतिहरु, कार्यक्रमहरू र बजेटको रेखदेख गर्दछन् ।<br>• शिक्षक शिक्षा संस्थाहरूका प्रमुखहरू<br>• शिक्षक शिक्षा संस्थाहरू, विश्वविद्यालयहरू र अनुसन्धान संस्थाहरूका कर्मचारीहरू जो पाठ्यक्रम विकास गर्न जिम्मेवार हुन्छन् ।<br>• विद्यार्थी शिक्षकहरू जसले गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार माग गर्दछन् अर्थात् त्यस्ता गुणस्तरीय शिक्षा जसलाई समावेशी र विविधतायुक्त वातावरणमा तयार पारिन्छ या त्यसलाई सहयोग गरिन्छ । | |
| पैरवी सन्देश के हो ? | • को - कसलाई यसबारे जान्नु आवश्यक छ ? | **के - कसरी तपाईंले यो सन्देश आफ्नो क्षेत्रमा सञ्चार गर्न सक्नुहुन्छ ?**<br>*पैरवी निर्देशिका १ मा दिइएको सल्लाहअनुसार यस कोलममा आफ्ना विचारहरु लेख्नुहोस् ।* |

| | | |
|---|---|---|
| "शिक्षक शिक्षाका प्रत्येक पाठ्यांश वा मोड्युलले समानता, समावेशिता र मानव अधिकारका विषयवस्तुलाई सक्रियताका साथ प्रवर्धन र प्रदर्शन गर्नुपर्दछ । " | • शिक्षा मन्त्रालयका कर्मचारीहरू जसले शिक्षक शिक्षाका नीतिहरू, कार्यक्रमहरू र बजेटको रेखदेख गर्दछन् ।<br>• शिक्षक शिक्षा संस्थाहरूका प्रमुखहरू<br>• शिक्षक शिक्षा संस्थाहरू, विश्वविद्यालयहरू र अनुसन्धान संस्थाहरूका कर्मचारीहरू जो पाठ्यक्रम विकास गर्न जिम्मेवार हुन्छन् ।<br>• प्रशिक्षकहरू जसले विद्यार्थी शिक्षकहरूलाई पाठ्यांशबारे ज्ञान प्रदान गर्दछन् ।<br>• विद्यार्थी शिक्षकहरू जसले गुणात्मक शिक्षाका लागि आफ्नो अधिकारको माग गर्दछन् अर्थात् त्यसलाई समावेशी, विविध वातावरणमा शिक्षण गर्न तयार पारिन्छ या सहयोग गरिन्छ । | |
| "शिक्षक शिक्षा पाठ्यक्रम निर्माताहरू, शिक्षक प्रशिक्षकहरूले विशेष आवश्यकता र समावेशी शिक्षाको दर्शनबारे आफ्नो बुझाइ सुधार गर्नुपर्दछ ।" | • शिक्षा मन्त्रालयका कर्मचारीहरू जसले शिक्षक शिक्षाका नीतिहरू, कार्यक्रमहरू र बजेटको रेखदेख मात्र नगरी शिक्षक शिक्षा पाठ्यक्रम निर्माताहरू र शिक्षक प्रशिक्षकहरूको पेसागत विकासलाई प्रभाव पार्न वा सहयोग गर्न सक्दछन् ।<br>• शिक्षक शिक्षा संस्थाका प्रमुखहरू जसले शिक्षक शिक्षा पाठ्यक्रम निर्माताहरू, शिक्षक प्रशिक्षकहरूको पेसागत विकासलाई प्रभावित पार्न वा सहयोग गर्न सक्दछन् ।<br>• प्रशिक्षकहरू जसले विद्यार्थी शिक्षकहरूका लागि पाठ्यांशको विकास र अध्यापन गर्दछन् ।<br>• शिक्षक शिक्षा संस्थाका कर्मचारी जसले आफ्ना लागि उपयुक्त पेसागत विकासको माग गर्न सक्दछन् ।<br>• समावेशी शिक्षामा काम गर्ने अनुसन्धानकर्ताहरू जसले समावेशी शिक्षाबारे राम्ररी बुझ्न शिक्षक प्रशिक्षकहरूलाई सहयोग गर्न सक्दछन् । | **के - कसरी तपाईंले यो सन्देश आफ्नो क्षेत्रमा सञ्चार गर्न सक्नुहुन्छ ?**<br>*पैरवी निर्देशिका १ मा दिइएको सल्लाहअनुसार यस कोलममा आफ्ना विचारहरु लेख्नुहोस् ।* |
| "शिक्षक शिक्षा संस्थाहरूले आफ्नै संस्थाभित्र प्रवर्तन र परिवर्तनप्रति प्रतिबद्धताको विकास गर्नुपर्दछ र तदनुसार आफ्ना प्रतिबद्धताहरूको प्रतिविम्बन हुने गरी पाठ्यक्रमहरुको विकास गर्नुपर्दछ ।" | • शिक्षक शिक्षा संस्थाहरूका प्रमुखहरू जसले आफ्ना संस्थाभित्र "सिकाइको संस्कृति" लाई प्रभावित पार्न सक्दछन् ।<br>• शिक्षक शिक्षा पाठ्यक्रमको विकास गर्न जिम्मेवार शिक्षक शिक्षा संस्थाहरूका कर्मचारीहरू हुन्छन जसले कुनै कुरा सिक्न, अन्वेषण गर्न र ज्ञान बाँड्ने अवसरहरूको माग गर्न सक्दछन् । | |

| | | |
|---|---|---|
| "सरकारले शिक्षक शिक्षाका लागि उचित मापदण्डको विकास गर्नुपर्दछ ताकि सम्पूर्ण शिक्षक शिक्षा संस्थाहरूले प्रत्येक शिक्षकलाई समावेशी शिक्षाबारे ज्ञान प्रदान गर्न पाठ्यक्रमको विकास गर्नुपर्ने हुन्छ ।" | • शिक्षा मन्त्रालयका कर्मचारीहरू जसले शिक्षक शिक्षा नीतिहरू, कार्यक्रमहरू र बजेटको पर्यवेक्षण गर्दछन् ।<br>• स्थानीय वा क्षेत्रीय रूपमा रहेका शिक्षा मन्त्रालयका कर्मचारीहरू जसले शिक्षक शिक्षाका मानकहरुको अनुगमन गर्ने जिम्मेवारी बोकेका हुन्छन् ।<br>• गैरसरकारी संस्थाहरू वा दाताहरू सरकारको आवश्यक क्षमता विकास गर्नका लागि सहयोग गर्न सक्छन् । | **के - कसरी तपाईंले यो सन्देश आफ्नो क्षेत्रमा सञ्चार गर्न सक्नुहुन्छ ?**<br>*पैरवी निर्देशिका १ मा दिइएको सल्लाहअनुसार यस कोलममा आफ्ना विचारहरु लेख्नुहोस् ।* |
| "शिक्षक शिक्षा पाठ्यक्रमले अभ्यास केन्द्रित सिकाइलाई मुख्य जोड दिनुपर्दछ ।" | • शिक्षा मन्त्रालयका कर्मचारीहरू जसले शिक्षक शिक्षाका नीतिहरू, कार्यक्रमहरू र बजेटको पर्यवेक्षण गदछन् ।<br>• शिक्षक शिक्षा संस्थाका प्रमुखहरू<br>• शिक्षक शिक्षा संस्थाहरूका कर्मचारी जो पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न जिम्मेवारी हुन्छन् ।<br>• विद्यालयका कर्मचारीहरू जहाँ प्रयोगात्मक शिक्षक शिक्षा लागु हुन्छ ।<br>• गैरसरकारी संस्थाहरू जसले विद्यालयमा विद्यार्थीहरू शिक्षकहरूलाई प्रयोगात्मक कार्य गर्न आर्थिक सहयोग गर्न सक्दछन् ।<br>• विद्यार्थी शिक्षकहरू जसले प्रयोगात्मक सिकाइ अवसरका लागि अवसर जुटाइदिने माग गर्न सक्दछन् । | |
| "शिक्षक शिक्षा पाठ्यक्रमले विद्यार्थी शिक्षकहरूलाई समावेशी शिक्षाका सिद्धान्तहरू र यथार्थ शिक्षणबिचको सम्बन्ध बुझ्न आवश्यक सहयोग गर्नुपर्दछ ।" | • शिक्षक शिक्षा संथाहरूका प्रमुखहरू<br>• शिक्षक शिक्षा संस्थाका कर्मचारीहरु जो पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न जिम्मेवार हुन्छन् ।<br>• समावेशी शिक्षामा काम गरिरहेका अनुसन्धानकर्ताहरू जसले अनुसन्धान, सिद्धान्त र अभ्यासबिचको अन्तर्सम्बन्धलाई बुझ्न र शिक्षक प्रशिक्षकलाई सहयोग गर्न सक्छन् । | **के - कसरी तपाईंले यो सन्देश आफ्नो क्षेत्रमा सञ्चार गर्न सक्नुहुन्छ ?**<br>*पैरवी निर्देशिका १ मा दिइएको सल्लाहअनुसार यस कोलममा आफ्ना विचारहरु लेख्नुहोस् ।* |

| | | |
|---|---|---|
| "समावेशी शिक्षाको वर्तमान परिवेशको ज्ञान र व्यावहारिक अनुभव भएका शिक्षक शिक्षा पाठ्यक्रम निर्माताहरूको छनोट गर्नुपर्दछ । पाठ्यक्रम निर्माताहरू लाई निरन्तर तालिम पनि प्रदान गर्नुपर्दछ र उनीहरुलाई पाठ्यक्रम विकास प्रक्रियाभर सरोकारवालाहरूसँग परामर्श गरी काम गर्न प्रेरित गर्नुपर्दछ ।" | • शिक्षा मन्त्रालयका कर्मचारीहरू जसले शिक्षक शिक्षाका नीतिहरू, कार्यक्रमहरू र बजेटको पर्यवेक्षण गर्दछन् ।<br>• शिक्षक शिक्षा संस्थाका प्रमुखहरू<br>• राष्ट्रिय/स्थानीय/क्षेत्रीय सरकारी कर्मचारीहरू जसले पाठ्यक्रम निर्माताहरूको नियुक्तिबारे निर्णय गर्दछन् ।<br>• शिक्षकहरू र अन्य स्थानीय स्तरका शैक्षिक सरोकारवालाहरू जसले आफ्ना दृष्टकोणहरूले शिक्षक शिक्षा पाठ्यक्रम निर्माण प्रक्रियामा स्थान पाऊन् भनेर माग गर्न सक्दछन् । | |
| "नयाँ शिक्षक प्रशिक्षकहरूको छनोट प्रक्रियामा समावेशी शिक्षाको ज्ञान र अनुभव भएको भन्ने आवश्यक आधार राख्नुपर्दछ । सबै नयाँ तथा कार्यरत शिक्षक प्रशिक्षकहरूका लागि समावेशी शिक्षामा निरन्तर पेसागत विकास भएको हुनुपर्दछ ।" | • शिक्षा मन्त्रालयका कर्मचारीहरू जसले शिक्षक शिक्षाका नीतिहरू, कार्यक्रमहरू र बजेटको पर्यवेक्षण गर्दछन् ।<br>• शिक्षक शिक्षा संस्थाका प्रमुखहरू<br>• राष्ट्रिय/स्थानीय/क्षेत्रीय सरकारी कर्मचारीहरू जसले शिक्षक प्रशिक्षक छनोटसम्बन्धी निर्णय गर्दछन् ।<br>• शिक्षक प्रशिक्षकहरू जो समावेशी शिक्षामा अनुभवी हुन्छन् र आफ्ना समकक्षीहरूलाई शिक्षित गराउने क्षमता भएका हुन्छन् वा उनीहरू जसमा समावेशी शिक्षाको कुनै अनुभव छैन र यस क्षेत्रमा आफूलाई पेसागत विकासको आवश्यकता छ भनेर पहिचान गर्दछन् । | **के - कसरी तपाईंले यो सन्देश आफ्नो क्षेत्रमा सञ्चार गर्न सक्नुहुन्छ ?**<br>*पैरवी निर्देशिका 1 मा दिइएको सल्लाहअनुसार यस कोलममा आफ्ना विचारहरु लेख्नुहोस् ।* |

| | | |
|---|---|---|
| "शिक्षक शिक्षा पाठ्यक्रमलाई गहिरोसँग पुनरावलोकन गरिनुपर्दछ र आवश्यकताअनुरूप परिमार्जन गर्नुपर्दछ । यसो गर्दा विभिन्न सरोकारवालाहरूको विचार समेट्न सक्नुपर्दछ ताकि विद्यमान विभेदलाई उनीहरुले नै सजिलैसँग समाधान गर्न सकून्।" | • शिक्षा मन्त्रालयका कर्मचारीहरू जसले शिक्षक शिक्षाका नीतिहरू, कार्यक्रमहरू र बजेटको पर्यवेक्षण गर्दछन् ।<br>• शिक्षक शिक्षा संस्थाका प्रमुखहरू<br>• नागरिक समाजका प्रतिनिधिहरू जसले पाठ्यक्रम विकास गर्दा समानताको अनुगमन गर्न आवश्यक सल्लाह र सहयोग गर्न सक्दछन् । | |
| "शिक्षक प्रशिक्षकहरुले कुनै पूर्वाग्रहको पहिचान र त्यसको सामना गर्न सिक्नुपर्दछ । यसले गर्दा आफूले प्रयोग गर्ने पाठ्यक्रममा विद्यमान विभेदलाई चिन्न र तिनलाई चुनौती दिने तरिकाहरुको ज्ञान हुन जान्छ ।" | • शिक्षा मन्त्रालयका कर्मचारीहरू जसले शिक्षक शिक्षाका नीतिहरू, कार्यक्रमहरू र बजेटको पर्यवेक्षण गर्दछन् ।<br>• शिक्षक शिक्षा संस्थाका प्रमुखहरू<br>• कर्मचारीहरू जो शिक्षक प्रशिक्षकहरूलाई शिक्षित गर्न र तिनलाई सहयोग गर्न जिम्मेवार हुन्छन् । | **के - कसरी तपाईंले यो सन्देश आफ्नो क्षेत्रमा सञ्चार गर्न सक्नुहुन्छ ?**<br>*पैरवी निर्देशिका १ मा दिइएको सल्लाहअनुसार यस कोलममा आफ्ना विचारहरु लेख्नुहोस् ।* |

FOOT NOTE - 3

1. Braslavsky, C. 1999. Cited in: UNESCO.2008. 'Interregional discussions around inclusive curriculum and teachers in light of the 48th International Conference on Education. Ref.2011.5.' Geneva, UNESCO-IBE.
2. For instance: (i) Forgacs, R. 2012. Strengthening Teacher Education to Achieve EFA by 2015. How are student teachers prepared to adopt inclusive attitudes and practices when they start teaching? Synthesis and analysis of the reviews of pre-service teacher education systems in Bangladesh, Combodia, China, Lao PDR, Mongolia, Nepal, Thailand and Viet Nam (2008-2011). Bangkok, UNESCO; and (ii) the Enabling Education Network (EENET) has been supportin World of Inclusion to carry out a mapping of teacher education in relation to children with disabilities as part of the United Nations 'children's Fund (UNICEF) Rights, Education, and Protection (REAP) Project which aims to enhance education and child protection systems so that they sensitive, responsive and inclusive

of children with disabilities. This mapping process has revealed many issues relevant to advocacy around inclusive education in pre-service teacher education .

3. This takes various forms. Trainers at one level may be taught to pass on the training to others at a lower level. In other cascade systems, small numbers of teacher receive training and are expected to pass this on to multiple colleagues.
4. Forlin, C. and Nguyet, DT. 2010. A National Strategy for supporting teacher educators to prepare teachers for inclusion, in Forlin, C. 2010 Teacher Education for Inclusion, London, Routledge (cited in Rieser, R. 2012 'Inception Report : Mapping, Scoping and Best Practices Exercise: Teacher Education for Children with Disabilities,' prepared for UNICEF as aprt of the Rights, Education and Protection (REAP) project.)
5. Forgas, 2012, p. 29.
6. Ibid., p. 30.
7. UNESCO. 2012. Regional Expert Meeting Report : Inclusive Education through Quality Teacher Education in Asia-Pacific. Bangkok, UNESCO, p. 23.
8. Forgas, 2012, p. 32.
9. Ibid., p. 30.
10. Lewis, I. 2007. Report to NORAD on desk review of inclusive education policies and plans in Nepal, Tanzania, Vietnam and Zambia . p. 14. http//www.eenet.org.uk/resources/docs/policy-review-for-NORAD.pdf. (Accessed 4 April 2013.)
11. EADSNE. 2010. Teacher education for inclusion: International Literature review. Odense, European Agency for Development in Special Needs Education, p. 21, citing Florian and Rouse (2009, p. 596).
12. Forgas, 2012, p. 31.
13. Kaplan, 2012, p. 17.
14. Source: Entry from Charlene Bredder, VSO Education Adviser, Cambodia into UNESCO's Inclusive Education into Action' website, www.iclusive-education-in-action.org/iea/index.php? menuid=25&reporeid=113. Example reference number:002EN(Accessed 8 March 2013.)
15. Case study provided to EENET by Diane Mills.

United Nations
Educational, Scientific and
Cultural Organization

**UNESCO Bangkok**
Asia and Pacific Regional Bureau for Education

Mom Luang Pin Malakul Centenary Building
920 Sukhumvit Road, Prakanong, Klongtoey
Bangkok 10110, Thailand
E-mail: appeal.bgk@unesco.org
Website: www.unesco.org/bangkok
Tel: +66-2-3910577 Fax: +66-2-3910866